# गोरखाको हर्मी गाउँ विकास समितिमा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत**
**वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.)**
**दोस्रो वर्षको दसौं पत्र (५१०-६) को**
**प्रयोजनको लागि प्रस्तुत**

## अध्ययनपत्र


**अध्ययनार्थी**

**विश्वेश्वर अधिकारी**

शैक्षिक सत्र : २०५९/६०
रजिष्ट्रेसन नं. : ४०८७-८९
क्याम्पस रोल नं. : ....



**वीरेन्द्र बहुमुखी क्याम्पस**
नेपाली विभाग
भरतपुर, चितवन
२०६६

# अध्ययन निर्देशकको मन्तव्य

**गोरखाको हर्मी गाउँ विकास समितिमा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** शीर्षकको प्रस्तुत अध्ययनपत्र त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर चितवनको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि यस क्याम्पसका छात्र विश्वेश्वर अधिकारीले मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक सम्पन्न गरिएको उहाँको यस अध्ययन कार्यसँग म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

..........................................

**डा. नारायणप्रसाद खनाल**
**प्राध्यापक**

**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**भरतपुर, चितवन**

**मिति २०६६/   /**

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**नेपाली विभाग**
**भरतपुर, चितवन**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पसका छात्र विश्वेश्वर अधिकारीले नेपाली स्नातकोत्तर तह (एम.ए.) को दसौं पत्र (५१०-६) को प्रयोजनका लागि गरेको **गोरखाको हर्मी गाउँ विकास समितिमा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** नामक यो अध्ययनपत्र स्वीकृत गरिएको छ ।

## अध्ययनपत्र मूल्याङ्कन समिति

१. प्रा. डा. नारायणप्रसाद खनाल
विभागीय प्रमुख ..............................

२. प्रा. डा. नारायणप्रसाद खनाल
अध्ययनपत्र निर्देशक .............................

३. सह-प्राध्यापक गोविन्दराज विनोदी
बाह्य परीक्षक .............................

मिति : २०६६/१२/३१

# कृतज्ञताज्ञापन

**गोरखाको हर्मी गाउँ विकास समितिमा प्रचलित लोककथाहरूको सङ्कलन वर्गीकरण र विश्लेषण** शीर्षकको प्रस्तुत अधययनपत्र मैले हर्मी गा.वि.स.का विभिन्न वडाहरूमा भ्रमण गरेर सामग्री सङ्कलन  गरेको हुँ । प्रस्तुत अध्ययन पत्रलाई तयार पार्न आवश्यक निर्देशन गर्नुहुने नेपाली विभागका विभागीय प्रमुख प्रा.डा. नारायणप्रसाद खनालप्रति आभार व्यक्त गर्दछु । ती सामग्रीहरूको वर्गीकरण र अध्ययन विश्लेषण गरी यो रूप दिने क्रममा उहाँको महत्त्वपूर्ण सहयोग रहेको छ । यो अध्ययनपत्र तयार पार्ने सिलसिलामा आवश्यक सामग्री उपलब्ध गराई समुचित सल्लाह र सहयोग गर्नुहुने महेन्द्रज्योति उच्च मा.वि. गोरखाका शिक्षक श्री सुनील अर्याल, महालक्ष्मी उ.मा.वि.गोरखाका श्री रूद्रनाथ पोखरेल, गोरखा क्याम्पसका शिक्षण सहायक श्री ऋषि खनालप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यस्तै अनेकौं बाधा-व्यवधानलाई पन्छाएर अलिकति पनि दु:ख नमानी अथक परिश्रम गरेर मलाई समय, साधन र वातावरण दिई मेरो अध्ययनलाई निरन्तरता प्रदान गर्नुहुने मेरा पिता श्री ईश्वरप्रसाद अधिकारी तथा माता श्रीमती इन्द्रकुमारी अधिकारी तथा पत्नी श्रीमती सुशीला अधिकारीप्रति आभार प्रकट गर्दछु ।

अध्ययन कार्यको सन्दर्भमा विभिन्न सामग्री उपलब्ध गराउने द ओल्ड क्यापिटल उ.मा.वि. पुस्तकालय, गोरखा क्याम्पस पुस्तकालय र द्रव्यशाह बहुमुखी क्याम्पस पुस्तकालय गोरखा प्रति हार्दिक आभार प्रकट गर्दछु । सङ्कलित सामग्रीहरू होसियारपूर्वक टङ्कन गरिदिने ओल्ड क्यापिटल उच्च मा.वि.गोरखाका शिक्षक श्री अमृत पुन र कृष्ण पोखरेलप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा प्रस्तुत अध्ययनपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर चितवनसमक्ष पेस गर्दछु ।

मिति : २०६६/     /

..................................

विश्वेश्वर अधिकारी
स्नातकोत्तर तह, द्वितीय वर्ष
शैक्षिक सत्र २०५९/६१
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| **पहिलो परिच्छेद : अध्ययनपत्रको परिचय** | | |
| १.१ | अध्ययनपत्रको शीर्षक | १ |
| १.२ | अध्ययनकार्यको प्रयोजन | १ |
| १.३ | विषयको परिचय | १ |
| १.४ | समस्याकथन | २ |
| १.५ | पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.६ | अध्ययनको उद्देश्य | ५ |
| १.७ | अध्ययनकार्यको औचित्य | ५ |
| १.८ | अध्ययनको सीमा | ६ |
| १.९ | अध्ययनविधि | ६ |
| १.१० | अध्ययनपत्रको रूपरेखा | ७ |
| **दोस्रो परिच्छेद : नेपाली लोकसाहित्यमा लोक-कथाको स्थान** | | |
| २.१ | परिचय | ८ |
| २.२ | विषयप्रवेश | ९ |
| २.३ | लोककथाको स्वरूप | १० |
| २.३.१ | लोककथामा प्रयुक्त विषयवस्तुहरू | १० |
| २.३.२ | वस्तु/विषयवस्तु | १० |
| २.३.३ | अन्तर्वस्तुको सम्बन्ध | ११ |
| २.३.४ | लोककथा र लोकगाथा | ११ |
| २.३.५ | लोककथा र लोकनाटक | ११ |
| २.३.६ | लोककथा र लोकगीत | १२ |
| २.४ | भाषाशैलीय विन्यास | १३ |
| २.४.१ | भाषा | १३ |
| २.४.२ | बिम्बविधान | १३ |
| २.४.३ | प्रतीकीकरण | १३ |
| २.५ | विचलन | १४ |
| २.६ | निष्कर्ष | १४ |
| **तेस्रो परिच्छेद : गोरखा जिल्ला तथा हर्मी गा.वि.स. को परिचय** | | |
| ३.१ | पृष्ठभूमि | १५ |
| ३.२ | नामाकरण | १६ |
| ३.३ | हर्मी गा.वि.स.को भौगोलिक अवस्था र सिमाना | १६ |

३.४ हर्मी गा.वि.स. को राजनैतिक विभाजन १७
३.५ हर्मी गा.वि.स. को धर्म, जाति र भाषा १७
३.६ हर्मी गा.वि.स. को हावापानी र वनस्पति १८
३.७ हर्मी गा.वि.स. को सामाजिक जनजीवन १८
३.८ प्रसिद्ध स्थानहरू १९
३.९ हर्मीको शिक्षा र स्वास्थ्यको अवस्था १९
३.१० निष्कर्ष १९

**चौथो परिच्छेद : हर्मी गा.वि.स.मा प्रचलित लोककथाहरूको विश्लेषण**

४.१ परिचय २१
४.२ कथावस्तुको आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण २१
४.३ अभिप्रायको आधारमा गोरखा जिल्लामा प्रचलित लोककथाको विश्लेषण २८
४.४ पात्र र चरित्रको आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण ३१
४.५ वातावरण र परिवेशका आधारमा लोककथाको विश्लेषण ३६
४.६ उद्देश्यका आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण ३८
४.७ शैलीका आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण ४१
४.८ निष्कर्ष ४२

**पाँचौं परिच्छेद : उपसंहार**

५.१ उपसंहार ४४
५.२ पहिलो, दोस्रो, तेस्रो र चौथो परिच्छेदको सारांश ४६
५.३ समग्र निष्कर्ष ४७
सन्दर्भग्रन्थ सूची ५१
पारिशिष्ट क : हर्मी गा.वि.स.मा प्रचलित लोककथाको सङ्कलन ५३
पारिशिष्ट ख : प्रश्नावली ६४
पारिशिष्ट ग : नेपालको नक्सा ६५
पारिशिष्ट घ : गोरखा जिल्लाको नक्सा ६६
पारिशिष्ट ङ : हर्मी गा.वि.स.को नक्सा ६७

## तालिका सूची

१. लोककथा र लोककगाथा विधा तुलनात्मक तालिका ता.सं. १ ११
२. लोककथा र लोकनाटक विधा तुलनात्मक तालिका ता.सं. २ १२
३. लोककथा र लोककगीत विधा तुलनात्मक तालिका ता.सं. ३ १२
४. अभिप्राय विश्लेषण तालिका ता.सं. ४ २९
५. वातावरण/परिवेश विश्लेषण तालिका ता.सं. ५ ३७

# सङ्क्षेपीकृत सूची

| | |
|---|---|
| इ.सं. | इस्वी संवत् |
| क्र.सं. | क्रम सङ्ख्या |
| कि.मी. | किलोमिटर |
| गा.वि.स. | गाउँ विकास समिति |
| चौ.सं. | चौथो संस्करण |
| जि.वि.स. | जिल्ला विकास समिति |
| डा. | डाक्टर |
| ता.सं. | तालिका सङ्ख्या |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| त्रि.वि.पा.वि.के. | त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र |
| नि. | निर्देशक |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| नं | नम्बर |
| पा.वि.के. | पाठ्यक्रम विकास केन्द्र |
| प्रा. | प्राध्यापक |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| पृ. | पृष्ठ |
| मि. | मिटर |
| वि.सं. | विक्रम संवत् |
| लो.क. | लोककथा |
| सं. | सङ्ख्या |
| सा.प्र. | साझा प्रकाशन |
| स्व. | स्वर्गीय |

# पहिलो परिच्छेद

# अध्ययनपत्रको परिचय

## दोस्रो परिच्छेद

# नेपाली लोकसाहित्यमा लोक-कथाको स्थान

## तेस्रो परिच्छेद

# गोर्खा जिल्ला तथा हर्मी गा.वि.स.को परिचय

## चौथो परिच्छेद

# हर्मी गा.वि.स.मा प्रचलित लोककथाहरूको विश्लेषण

## पाँचौ परिच्छेद

# उपसंहार

# सन्दर्भग्रन्थ सूची

# परिशिष्ट खण्ड

# पहिलो परिच्छेद

## अध्ययनपत्रको परिचय

### १.१ अध्ययनपत्रको शीर्षक

प्रस्तुत अध्ययनपत्रको शीर्षक **गोरखाको हर्मी गाउँ विकास समितिमा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** रहेको छ ।

### १.२ अध्ययनकार्यको प्रयोजन

यो अध्ययनपत्र त्रिभुवन विश्वविद्यालय मानविकी, तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षमा अध्ययन गर्नुपर्ने दसौं पत्रको लोकसाहित्य र अध्ययनपत्र ५१०-६ को प्रयोजनका निम्ति प्रस्तुत गरिएको छ ।

### १.३ विषयको परिचय

लोकसाहित्य समाजलाई राम्ररी नियाल्न सकिने ऐना हो । मानव-सभ्यताको इतिहासमा अभिव्यक्तिको पहिलो माध्यमका रूपमा जन्मेको जेठो साहित्य लोकसाहित्य नै हो । यस साहित्यलाई विषयवस्तु तथा प्रस्तुतिको आधारमा हेर्दा लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखान-टुक्का, गाँउखाने कथा र लोककविता गरी विभाजन गरिएको छ । त्यसमा पनि लोकसाहित्यको दोस्रो महत्त्वपूविधा लोककथा हो । यसमा लोकमानसभित्र विभिन्न समयमा घटेका घटनाहरूको नाटकीय शैलीमा चित्रण र वर्णन गर्ने कार्य भएको हुन्छ । आफ्नो मनमा उब्जेका तीतामीठा भावनाहरू र जीवनका अनुभवहरूलाई अरूसमक्ष भन्ने र अरूले भनेका कुराहरू सुन्ने क्रममा विकसित भएका लोककथाहरूका लागि कुशल वक्ता र श्रोता दुबैको आवश्यकता पर्दछ । लोककथा लौकिक, अलौकिक, सम्भव , असम्भव जस्तोसुकै घटनाबाट पनि निर्माण हुन्छन् । वक्ताले भनेका रसिला कथनलाई साधारणीकरण गरी श्रोताहरूले रसास्वादन गरिरहने कार्य नै लोककथाको वास्तविकता र यथार्थता हो । समाजभित्रको धार्मिक, सामाजिक, सांस्कृतिक मान्यता र परम्परा जीवन्त रूपमा रहेको यथार्थ साक्षी बन्ने कार्यमा लोककथा समाहित रहेको हुन्छ । यसको रसास्वादनबाट श्रोताले वीरता, साहस, बहादुरी र उत्साहजस्ता भावनाहरू प्राप्त गरेका हुन्छन् । मनोरञ्जन र शैक्षिक ज्ञान पनि उत्तिकै प्राप्त गर्न सकिन्छ । यसरी लोकजीवन र लोकमानसका अनुभवका अवशेषलाई समय र स्थानअनुरूप समेट्दै अनि सुरक्षित गर्दै एउटा विशाल सङ्ग्रहालयका

रूपमा लोककथालाई लिन सकिन्छ । गोरखाको हर्मी गा.वि.स. यस दृष्टिले अनुसन्धेय समेत भएकाले गोरखा हर्मी गा.वि.स.लाई नै यस अध्ययनपत्रको विषय चयन गरिएको छ ।

## १.४ समस्याकथन

लोकसाहित्यभित्र रहेको एउटा उर्वर प्रखर विधाका रूपमा परिचित लोककथाले समाजका विविध पक्षहरूको राम्रो चित्रण गर्ने कार्य गर्दछ । गोरखा जिल्लाको हर्मी गा.वि.स. लोकसाहित्यका विभिन्न विधाहरूमा सम्पन्न गा.वि.स. पनि हो तर यसका पक्षमा हालसम्म पनि दह्रो र विश्वासिलो कदम नचाल्नु सम्पूर्ण गोरखालीका लागि दुर्भाग्य पनि हो । लोककथा सुन्ने र अरूलाई सुनाउने परम्परालाई आधुनिक सडक भलाद्मीहरू हाँसो गर्लान् तर गोरखा जिल्लामा यसको परम्परालाई मूर्त रूप दिन र गोर्खाली लोककथाको अध्ययन परम्पराको थालनी गर्न प्रस्तुत अध्ययन प्रस्तावमा निम्नलिखित समस्याहरू राखिएका छन् :-

(क) लोककथा भनेको के हो ? यसको स्वरूप के-कस्तो हुन्छ ?

(ख) गोर्खाको हर्मी गा.वि.स. मा के-कस्ता लोककथाहरू प्रचलित छन् ? के तिनलाई सङ्कलन गर्न सकिन्छ ?

(ग) हर्मी गा.वि.स. मा प्रचलित लोककथाहरू केकति वर्गका छन् ? के तिनलाई सैद्धान्तिक कसीमा विश्लेषण गर्न सकिन्छ ?

(घ) लोककथाले हर्मीको लोकजीवनमा केकस्तो प्रभाव पारेका छन् ? के तिनको विश्लेषण मूल्याङ्कन गर्न सकिन्छ ?

यिनै महत्त्वपूर्ण समस्याको समाधानतर्फ यो अध्ययन केन्द्रित रहेको छ ।

## १.५ पूर्वकार्यको विवरण र समीक्षा

सृष्टिको उषाकालबाट जब प्राणीहरूको विकास भयो र मानवजातिको विकाससँगै उसले आफ्ना विचारहरूलाई सम्प्रेषण गर्ने सङ्केतहरू बनायो, त्यसपछि नै लोकभाषाको जन्म भयो । लोकमानसले आफ्ना विचारहरूलाई शृङ्खलाबद्ध रूपमा सम्प्रेषण गर्ने कार्यको थालनी गर्ने बित्तिकै लोकसाहित्यको जन्म भएको थियो भन्ने कुरामा कुनै विवाद छैन । यिनै लोकमानसका भावनाहरूलाई आदानप्रदान गर्ने माध्यमका रूपमा देखापरेका लोकसाहित्यका हाँगाहरूमध्ये लोककथा उर्वर क्षेत्र हो । लोककथाको इतिहास धेरै पुरानो छ । लोककथा सुरुका दिनहरूमा वक्ता र श्रोताहरूको बीचमा एक कान दुई कान मैदान हुँदै अगाडि बढेको तथा समाजमा लोकप्रिय हुँदै आएको पाइन्छ । अझै लोककथाको सिद्धान्तका

आधारमा केलाएर र निफनेर अध्ययन गर्ने परम्पराको श्रीगणेश त भर्खर मात्रै भएको छ । लोकसाहित्यको धनी देश मानिने नेपालमा जातिगत, भाषागत, स्थलगत, भाषिकागत, भेद-उपभेदगत, भिन्नताहरू पाइन्छन् । ती सबैको साङ्गोपाङ्ग सङ्कलन तथा विश्लेषण हुन अझै बाँकी छ । छिटपुट रूपमा गरिएका प्रयासहरूले नेपाली लोकसाहित्यलाई साङ्केतिक रूपमा चिनाउने काम गरेका छन् । यस्ता, कृतिहरू र तिनमा गरिएका केही छिटपुट अध्ययनको कालक्रमिक विवरण सङ्क्षेपमा यसरी प्रस्तुत गरिएको छः-

(क) तुलसी दिवसद्वारा लिखित **नेपाली साझा लोककथा** (काठमाडौं नेपालराजकीय प्रज्ञा प्रतिष्ठान २०३३) नामक कृतिमा नेपाली लोककथालाई सङ्क्षेपमा चिनाउँदै लोककथाको वर्गीकरण गरिएको छ । १४ भागमा वर्गीकरण गरिएका लोककथालाई हरेकको उदाहरणसहित प्रस्तुत गर्ने कार्य पनि भएको छ । नेपालका विभिन्न विकास क्षेत्र, अञ्चल र जिल्लालाई लोककथाको क्षेत्रबाट चिनाउने क्रममा जुम्ला, पाल्पा, बाजुरा, अछाम, दाङ, तनहुँ, रूपन्देही, कास्की, झापा, हुम्ला, नुवाकोट, काठमाडौं, बाग्लुङ, स्याङजा, गोरखा, ताप्लेजुङ, सल्यान, भोजपुर, तिब्रीकोटका लोककथाका उदाहारण दिएर केही लोककथाको उद्गमस्थल भनिने अवस्थाको समेत उल्लेख भए तापनि गोरखा जिल्लाको चर्चा छैन भने हर्मी गा.वि.स.को कुनै चर्चा हुने कुरै भएन ।

तुलसी दिवसद्वारा लिखित **नेपाली लोककथा साझा अक्षर केही अध्ययन** (काठमाडौं नेपालराजकीय प्रज्ञा प्रतिष्ठान २०३३ पृ.२८) नामक कृतिमा नेपाली लोककथालाई चिनाउदै नेपाली लोककथाको वर्गीकरणका निम्ति विभिन्न विद्वान्हरूका लोककथा वर्गीकरण गरेर चिनाएका छन् । त्यसै क्रममा ऐतिहासिक, सांस्कृतिक, अतिमानवीय रूपमा नेपाली लोककथाको विवेचना गर्ने काम पनि गरेका छन् । यति गर्दा पनि यस कृतिभित्र गोरखा जिल्ला हर्मी गा.वि.स. को प्रचलित लोककथाबारे सामान्य सङ्केत समेत गरिएको छैन ।

तुलसी दिवस संयोजक रहेको **नेपाली लोकसंस्कृति सङ्गोष्ठी** (काठमाडौं नेपालराजकीय प्रज्ञा प्रतिष्ठान् २०३५) नामक कृतिमा नेपाली लोकसाहित्य, लोकसंस्कृति र लोकजीवनसँग सम्बन्धित विभिन्न लेखहरू समाविष्ट छन् । तुलसी दिवसद्वारा लिखित ***परी तथा अप्सराका नेपाली लोककथाहरू*** शीर्षकको लेख यसमा प्रकाशित भएको छ । नेपाली लोककथाका बारेमा चिनारी दिने यस लेखमा गोरखा जिल्लाको र हर्मी गा.वि.स. का कुनै पनि लोककथालाई औंल्याइएको छैन ।

(ख) दयाराम श्रेष्ठद्वारा लिखित **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा** (काठमाडौं पा.वि.के. त्रि.वि. २०३८ पृ.१८) नामक कृतिमा नेपाली लोकसाहित्यका विभिन्न विधालाई चिनाउने क्रममा नेपाली लोककथाको परिचय, विकास र विशेषतालाई औंल्याउदै तिनको वर्गीकरण तथा विश्लेषण साङ्केतिक ढङ्गले गरिएको छ । लोककथाको सिद्धान्त चिनाउने काम गरिएको यस कृतिमा गोरखा जिल्ला र हर्मी गा.वि.स. का प्रचलित लोककथा भनेर कहीं चर्चा गरिएको छैन ।

(ग) धर्मराज थापा र हंसपुरे सुवेदीद्वारा लिखित **नेपाली लोकसाहित्यको विवेचना** (काठमाडौंः था.वि.के. त्रि.वि. २०४१) नामक कृतिमा नेपाली लोकसाहित्यका विभिन्न विधालाई चिनाउने क्रममा नेपाली लोककथाको परिचय, प्रचलन, विकास र विशेषतालाई औंल्याउदैं तिनको वर्गिकरण तथा विश्लेषण साङ्केतिक ढङ्गले गरिएको छ । लोककथाको सिद्धान्त चिनाउने काम गरिएको यस कृतिमा गोरखा जिल्लामा प्रचलित लोककथा भनेर कहीं चर्चा गरिएको छैन ।

(घ) मोतीलाल पराजुलीद्वारा लिखित **नेपाली लोकगाथा** (मासवार, पोखराः श्रीमती तारादेवी पराजुली २०४९ पृ. १२) नामक कृतिभित्र नेपाली लोकगाथालाई चिनाउने क्रममा नेपाली लोककथाको सामान्य परिचय दिइएको छ । एउटा विधालाई चिनाउने उद्देश्य लिएर लेखिएको यस कृतिमा गोरखा जिल्ला र हर्मी गा.वि.स. को प्रचलित लोककथाबारे कुनै चर्चा छैन ।

(ङ) सरुभक्त र तेजनाथ घिमिरेद्वारा सम्पादित **सारस्वत** (पोखराः मेघा प्रकाशन २०५४) नामक पत्रिकामा साहित्यका विधा समाविष्ट गर्ने क्रममा मोतीलाल पराजुलीद्वारा लिखित लोककथाको रूप संरचनासम्बन्धी केही मान्यता मात्र प्रस्तुत गरिएको छ ।

उल्लेखित कृतिहरूमा लोककथाका बारेमा चर्चा गरिए पनि गोरखा जिल्लाको हर्मी गा.वि.स. मा प्रचलित लोककथाहरूको बारेमा उल्लेख नै गरेका छैनन् । नेपाली लोकसाहित्य र लोकसंस्कृतिसित सम्बन्धित कृतिहरू प्रकाशित भएर गोरखा जिल्लामा प्रचलित लोककथाका बारेमा चर्चा गरेको भेटिँदैन । लोकसाहित्यको अत्यन्तै लोकप्रिय विधा लोककथा भएकाले यसलाई सङ्कलन गरी पुस्तक प्रकाशन गर्ने काम केही व्यक्तिहरूबाट भएको छ :

कालीभक्त पन्तले **हाम्रो साँस्कृतिक इतिहास,** (स्याङ्जा कालिभक्त पन्त २०२८),काजीमान कुन्दङ्वाले **नेपाली जन साहित्य,** (दो.सं. सरकपुर मोरङ, अङ्गुर मैया

कन्दङ्वा २०४०), बोधविक्रम अधिकारीले **नेपाली दन्त्य कथा (१९९६),** ललितजंग सिंजापतिले **दन्त्यकथा माला** (**२००३**) **र नेपाली ऐतिहासिक कथासंग्रह** (**२००८**)**,** इमानसिंह चेमजोङ्ले **किराँती दन्त्यकथा** (**२०२१**)**,** लीलासिंह कर्माले **हाम्रो** लोकसाहित्य (**२०२३**), प्रदीप रिमालले **कर्णाली लोक संस्कृति खण्ड ५** (**२०२८**) र **नेपाली दन्त्यकथा संग्रह** (**२०४०**) आदि कृतिहरूमा लोककथाहरूको अध्ययन र सङ्कलन गरेका छन् तर गोरखाको लोककथा भनेर कहीं कतै उदाहरण प्रस्तुत गरिएको छैन ।

यसरी हेर्दै जाँदा नेपाली लोककथाको अध्ययन गर्ने विद्वान्हरूले नेपाली लोककथाको सिद्धान्तको निर्माण गर्दा होस् वा लोककथा सम्बन्धी सामान्य फुटकर लेख लेख्दा अथवा नेपाली लोककथाको सङ्कलन गर्दा होस् कुनैपनि कृति एवं लेखमा हर्मी गा.वि.स. मा प्रचलित लोककथाको बारेमा सामान्य उदाहरण समेत प्रस्तुत गरेको भेटिंदैन र भेटिए तापनि स्पष्ट रूपमा उल्लेख छैन । लोककथाका दृष्टिले धनी देखिएको हर्मी गा.वि.स. मा प्रचलित लोककथालाई सङ्कलन गरी तिनीहरूलाई सुरक्षित तुल्याउन सके नेपाली लोककथाको इतिहासमा थोरै भए पनि गुणात्मक र परिमाणात्मक योगदान पुग्ने ठानी **गोरखाको हर्मी गाउँ विकास समितिमा प्रचलित लोककथाहरू सङ्कलन, वर्गीकरण र विश्लेषण** शीर्षक राखी यो अध्ययनपत्र तयार गरिएको छ ।

## १.६ अध्ययनको उद्देश्य

यस अध्ययनपत्रको उद्देश्य गोरखा हर्मी गा.वि.स. का लोककथाहरूको अध्ययन गर्नु रहे तापनि यसका खास उद्देश्य यी रहेका छन् :-

क) लोककथाको परिचय दिई सैद्धान्तिक स्वरूप प्रस्ट पार्नु ।

ख) हर्मी गा.वि.स. मा प्रचलित लोककथालाई सङ्कलित गर्नु ।

ग) सङ्कलित लोककथालाई वर्गीकरण गरी लोककथाका सिद्धान्तका आधारमा विश्लेषण गर्नु ।

घ) लोककथाले हर्मीको लोकजीवनमा पारेको प्रभावको विश्लेषण र मूल्याङ्कन गर्नु ।

यिनै उद्देश्यको परिपूर्तिका निम्ति यो अध्ययन केन्द्रित रहेको छ ।

## १.७ अध्ययनकार्यको औचित्य

लोककथा लोकसाहित्यको उर्वर विधा हो । यसमा समाजका लौकिक तथा अलौकिक आधारमा विविध पक्षहरू पनि भित्रिएका छन् । त्यसकारण लोककथाको अध्ययन तथा सङ्कलनको माध्यमबाट केही नयाँ खोजहरू गर्न सकिएमा सम्बन्धित क्षेत्रको व्यापक

खोज तथा अनुसन्धानमा थप योगदान पुऱ्याउन सकिने देखिन्छ । हर्मी गा.वि.स. मा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण, विश्लेषण नामक यस अध्ययनपत्रले हर्मी गा.वि.स. का लोककथा तथा यस क्षेत्रको सामाजिक, धार्मिक सांस्कृतिक र लोकविश्वासलाई पनि प्रस्ट पार्न मदत पुऱ्याउँछ । यति मात्र नभई यस भेकको भाषा र भाषिकाको अध्ययनलाई पनि टेवा पुऱ्याउने देखिन्छ । नेपाली लोकसमाजमा गोरखाली भाषिकाक्षेत्रभित्रका उखान र टुक्काहरूको खोजीमा लागेका खोजकर्ता अनि भविष्यमा लोककथाकै विस्तृत अध्ययनमा लाग्न चाहने अनुसन्धानकर्तालाई पनि निकै सहयोग पुऱ्याउँछ भन्ने आशा पनि गर्न सकिन्छ । यस अध्ययनको औचित्य पनि यही नै हो ।

## १.८ अध्ययनको सीमा

नेपाली लोकसाहित्यको अध्ययनको सन्दर्भमा यसको सीमा व्यापक भए तापनि यस अध्ययनपत्रमा शीर्षकअनुसार गोरखा जिल्लाको हर्मी गा.वि.स.लाई केन्द्रबिन्दु बनाएर लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । त्यसैले यसको भौगोलिक सीमामा हर्मी गा.वि.स. र विषयगत सीमामा लोककथा तोकिएको छ । हर्मीका छिमेकी गा.वि.स. को चर्चापरिचर्चा सम्म गरिएता पनि अन्य गा.वि.स.को लोककथा अध्ययन नगर्नु यस अध्ययनपत्रको सीमा रहेको छ ।

## १.९ अध्ययनविधि

अध्ययनपत्र पूरा गर्न मुख्य रूपमा निम्नलिखित तीनवटा विधि अपनाइएको छ -

क) क्षेत्रीय विधि : गा.वि.स. भित्रका क्षेत्रको अध्ययन ।

ख) प्रश्नोत्तर तथा छलफल विधि ।

ग) पुस्तकालयीय विधि ।

यी विधिमध्ये सर्वप्रथम क्षेत्रीय विधि अपनाई हर्मी गा.वि.स. भित्रका विभिन्न क्षेत्रमा गई त्यहाँको लोककथा वाचकसँग लोककथा सङ्कलन गर्ने काम गरिएको छ । यसै क्रममा लोककथा वाचकबाट व्यक्त गरिएका लोककथा धेरैजसो टेपरेकर्ड गर्ने र टिप्ने काम गरिएको छ । तत्पश्चात् प्राप्त तथ्यलाई प्रमाणीकरण गर्न वाचकसँग प्रश्नोत्तर गरिएका छ । यति गरेपछि पुस्तकालयीय विधि अपनाई प्राप्त तथ्यलाई लिपिबद्ध गर्ने काम गरिएको छ ।

### १.१० अध्ययनपत्रको रूपरेखा

अध्ययनपत्रलाई व्यवस्थित रूपमा सम्पन्न गर्न विभिन्न परिच्छेदहरूमा विभाजन गरिएको छ । सबै परिच्छेदमा विभिन्न शीर्षक, उपशीर्षकहरूलाई दशमलव प्रणाली अनुसार व्यवस्थित गरिएको छ । सामान्यतया अध्ययनको रूपरेखा यसप्रकार रहेको छ ।

**पहिलो परिच्छेद : अध्ययन परिचय**

यस परिच्छेदअन्तर्गत अध्ययनको शीर्षक, प्रयोजन, विषयपरिचय, समस्याकथन, पूर्वकार्यको समीक्षा, अध्ययनको उद्देश्य, अध्ययनविधि र अध्ययनपत्रको रूपरेखा आदि रहेका छन् ।

**दोस्रो परिच्छेद : लोककथाको सिद्धान्त**

यस परिच्छेदअन्तर्गत परिचय, विषयप्रवेश, लोककथामा प्रयुक्त विषयवस्तु, भाषाशैलीय विन्यास, विचलन, निष्कर्ष आदि रहेका छन् ।

**तेस्रो परिच्छेद : जिल्ला र गा.वि.स. को परिचय**

यस परिच्छेदअन्तर्गत जिल्ला र गा.वि.स. को परिचय, भौगोलिक, राजनैतिक पृष्ठभूमि, धर्म, जाति, सामाजिक रहनसहन, शिक्षा र स्वास्थ्य आदिको परिचय गराइएको छ ।

**चौथो परिच्छेद : हर्मी गा.वि.स.मा प्रचलित एवं संङ्कलित लोककथाहरूको आधारमा लोककथाहरूको विश्लेषण**

यस परिच्छेदमा हर्मी गा.वि.स.मा प्रचलित लोककथाहरूको आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण, पात्र-चरित्र आदिको आधारमा वातावरण, परिवेश, शैली र उद्देश्य आदिका आधारमा कथाको विश्लेषण गरिएको छ ।

**पाँचौं परिच्छेद : उपसंहार**

यस परिच्छेदमा विधागत प्रकाशनका दृष्टिले लोकसाहित्यमा उपसंहार, सारांश र निष्कर्ष आदि रहेका छन् ।

यसप्रकार अध्ययनको पूर्व भाग, मुख्य भागका साथै अन्तिम भाग अन्तर्गत पर्ने सन्दर्भसामग्री सूची र परिशिष्टसमेत समावेश गरी सर्वाङ्गपूर्ण अध्ययनपत्र प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

## नेपाली लोकसाहित्यमा लोक-कथाको स्थान

### २.१ परिचय

मौखिक परम्परामा आधारित लोकसाहित्यको प्रस्तुति नेपालमा प्राचीन कालदेखि रहँदै आएको छ । 'लोक' भन्नाले दुनियाँ वा समाज र साहित्य भन्नाले लिखित वा मौखिक रूपमा अभिव्यक्त गरिने भावोद्गार बुझिन्छ । नेपाली समाजको लोक-जीवनमा बाँचेका सहरिया रमझमबाट टाढा रहेका मान्छेको कोमल, निश्छल र सरल तथा सरस अभिव्यक्तिलाई लोकसाहित्य भन्ने चलन छ । लोकसाहित्य समाजको दर्पण हो र यसलाई मौखिक परम्परामा आधारित साहित्यको रूपमा लिइन्छ ।

लोकसाहित्यको सुरुवात सृष्टिको उषाकालबाट नै भएको मानिन्छ । त्यस्तै प्रारम्भिक कालदेखि नै यसले मौखिक परम्परालाई आधार बनाउँदै आएको हुँदा हालसम्म पनि श्रुतिपरम्परामा नै लोकसाहित्यको दम छ भनेर पुष्टि गर्न सकिन्छ । सहज शैली र सहज भाषामा मुखरित हुने भएकाले नै आडम्बर विहीन भाषा तथा सबैको मन छुने शैलीले गर्दा हरेक नरनारीलाई लोकसाहित्यले आफ्नो अँगालोमा बाँधेको छ । जीवनका सबै कुनालाई घच्घच्याउन पुग्ने र जातीय सेरोफेरोमा घुम्ने भएको हुँदा यसको चर्चा-परिचर्चा पनि बढी नै हुने गरेको पाइन्छ । त्यसैले यसका व्याख्याताहरू  लोकसाहित्यलाई आदि वेद भन्दछन् ।[१]

लोकजीवनको मनोविज्ञान बुझ्न र उनीहरूको चिन्तन प्रक्रियालाई चिनारी दिन लोकसाहित्यको अध्ययन गर्नु अत्यन्त जरूरी छ । यो साहित्य एकदुई पुस्ताको अनुभव नभई हाम्रा पूर्वजहरूको नीति चेतना र शिक्षा खारिनुका साथै माझिएर श्रुति परम्परा हुँदै हरेकको गला-गलामा भिज्दै आएको छ । दुःखीगरिब, ठूलासाना, आइमाई, केटाकेटी र बूढाबूढीको हृदयमा समेत यसले घर गरिसकेको छ । उनीहरूको मर्मदेखि उठेको आँसु, हाँसो र सुखदुःखको सुसेली नै लोकसाहित्य हो । अझै छोटो भाषामा भन्नु पर्दा लोकमानसले अनुभव गरेको जीवनको वृत्तचित्र नै लोकसाहित्य हो । पूर्वजदेखि चल्दै आएको श्रुतिपरम्परा पनि यसैको पर्याय हो । सिर्जनाकार अज्ञात भए पनि जीवन्तताको परिचायक भनेर लोकसाहित्यका मर्मज्ञहरूले यसलाई परिभाषित गरेका छन् ।

---

१.  चूडामणि बन्धु, **नेपाली लोकसाहित्य** (काठमाडौं : एकता बुक्स २०५८) पृ. ४३ ।

लोकसहित्यसँग अत्यन्तै नजिकको सम्बन्ध राख्ने विधा लोककथा हो । यसबाट प्रत्यक्ष रूपमा लोकमानसका सबै पक्षको अध्ययन गर्न र समाजको साहित्यिक अवस्थालाई बुझ्न सजिलो हुन्छ ।

## २.२ विषयप्रवेश

लोककथाको सुरुआत तथा कथानक परिचय सृष्टिको आदिकालदेखि नै सुरु भएको पाइन्छ । त्यति वेलादेखि नै यसलाई मौखिक तथा लिखित रूपमा परिभाषित गर्ने परम्परा रहेका विभिन्न प्रमाणहरू भेटिन्छन् । केही परिभाषाहरू यस प्रकार पाइन्छन् । पश्चिमी विदुषी सोफिया वर्नका अनुसार लोककथा भनेको आफैमा तत्कालीन समयको चालचलन, रीतिरिवाज, सामाजिक सांस्कृतिक विश्वास, परम्परागत संस्कार तथा अनुष्ठान आदिको जिउँदो दृश्यपट र प्रतीकात्मक साक्षी हो ।[२]

अर्का लोकसाहित्यका विद्वान्द्वय धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार लोककथाको मतलब  आफ्नो वर्णनात्मक भनाइद्वारा लोकलाई मजा दिने चाखिलो वर्णनात्मक विषयवस्तुद्वारा सुनिएको घतिलो रचना हो ।[३]

त्यस्तै अर्का लोकसाहित्यका अध्येता चूडामणि बन्धुका अनुसार लोकजीवनमा मौखिक परम्परा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् ।[४]

लोककथा जीवनको एक अमूल्य अलिखित साहित्य हो । लोककथा मानव-जीवनमा कार्यरत समाजको दर्पणको रुपमा देखापर्ने साहित्य पनि हो । लोककथाले समाजका सुख, दुःख, हर्ष र आँसु आदिलाई प्रतिबिम्बित गर्दछ । लोककथाले समाजमा रहेका मानिसलाई आनन्द, मनोरञ्जन, शिक्षा, ज्ञान, अर्ती र उपदेश आदि दिने गर्दछ । लौकिक र अलौकिक पात्र, स्थान र परिवेशमा आधारित रही कथाको विषयवस्तु उठान गर्दै त्यसले समाजमा सकारात्मक सन्देश दिन्छ । लोकसाहित्य परम्परात्मक मौखिक वर्णनात्मक पद्धति पनि हो । यसरी विकसित भएको मौखिक रुपमा हस्तान्तरित हुँदै आएको साहित्य नै लोककथा हो ।

---

२. तुलसी दिवस, **नेपाली लोककथा : केही अध्ययन** (काठमाडौं : रा. प्र.प्र. २०३३) पृ. ७ ।

३. धर्मराज थापा र हंसपूरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना** (काठमाडौं पा. वि. के. त्रि. वि. २०४१) पृ. २३३ ।

४. चूडामणि बन्धु, **नेपाली लोकसाहित्य,** (काठमाडौं : एकता बुक्स २०५८) पृ. २८४ ।

## २.३ लोककथाको स्वरूप

लोककथा गद्यविधामा आउने कथानकयुक्त विषयवस्तु हो । यसमा परम्परागत मान्यता र धारणा मात्र होइन, लोकजीवनका दुःखसुख, आस्थाविश्वास जस्ता तत्त्वहरू पनि रहेका हुन्छन् । त्यसैले लोककथाको स्वरूपलाई निम्नलिखित बुँदाहरूमा देखाउन सकिन्छ -

क) लोककथामा रचनाकार अज्ञात हुन्छ ।

ख) लोककथा स्थान र समयानुसार परिवर्तन हुँदै जान्छ ।

ग) लोककथाको भाषा सरल वा लोकले बुझ्न सक्ने हुन्छ ।

घ) लोककथाका पात्रहरू मानवीय र मानवेतर दुवै हुन सक्छन् ।

लोककथा लोकजीवनको समग्र पाटो हो, यस विधामा रचनाकार अज्ञात हुन्छ । मुखारित हुँदै आउने लोककथा स्थान र समय फरक पर्नाले समयअनुरूप परिवर्तन हुँदै जान्छ । पात्रहरूको हकमा मानवीय र मानवेतर दुबै खाले पात्रको संयोजन गरिन्छ । यसरी स्थानीय स्तरमा ज्ञान दिनु लोककथाको स्वरूपको आफ्नो मौलिक पहिचान हो ।

### २.३.१ लोककथामा प्रयुक्त विषयवस्तुहरू

नेपाली लोकसमाजले प्रेमलाई जीवनको एउटा वास्तविक पक्षको रूपमा हेर्ने गर्छ । लोककथाका अधिकांश घटनाहरूको उठान विश्लेषण प्रेमकै माध्यमबाट हुने गर्छ । प्रेमी-प्रेमिका, बाबु-छोरी, दाजु-बहिनी, आमा-छोरी, आमा-छोरा जस्ता पात्रहरू तयार गरेर उनीहरूबीचको गहिरो प्रेम-प्रसङ्गलाई औल्याएर अश्लीलतालाई भन्दा भावनात्मकतालाई मूर्त रूप दिने कोसिस गर्नु नेपाली लोककथाको विशेषता हो ।

### २.३.२ वस्तु /विषयवस्तु

लोककथा सामाजिक परम्परा र श्रुतिकथानकमा आधारित विधा हो । यसले एकातिर नेपाली लोकसंस्कृतिलाई व्यापक रूपमा समेटेको छ भने अर्कोतिर लोकमानसको स्वाभाविक प्रकृति र प्रेमप्रसङ्गलाई पनि राम्ररी अनुसरण गरेको हुन्छ । घटनाको बाहुल्यता र वर्णनात्मकताले यसको परिचयलाई अझ छर्लङ्ग बनाएको हुन्छ । अलौकिक र लौकिक घटनाहरू घटाउने, मानव र मानवेतर पात्रहरूले हरेक घटनालाई कौतुहलपूर्ण बनाएको हुन्छ । प्रशस्त मनोरञ्जन दिने भएकाले यो मनोरञ्जनात्मक पनि हुन्छ । प्रायः लोककथा

संयोगमा टुङ्गिन्छ । सत्यले असत्यलाई परास्त गर्नु र लोकमानसलाई नैतिक शिक्षा प्रदान गर्नु पनि लोकसाहित्यको विषयवस्तु नै हो ।

### २.३.३ अन्तरवस्तुको सम्बन्ध

लोककथासँग नजिकको सम्बन्ध राख्ने अन्य विधाहरू पनि थुप्रै पाइन्छन् । यिनै विधाहरूको बीचमा समानता र भिन्नता प्रशस्त पाइन्छन् । ती समानता र भिन्नतालाई यसरी प्रस्तुत गर्न सकिन्छ :-

### २.३.४ लोककथा र लोकगाथा

नेपाली समाजको सामाजिक परिवेश अनुसार लोककथा र लोकगाथा स्थापित भएका हुन्छन् । लोककथामा एउटा कथामा थुप्रै पात्रहरूको उपस्थिति हुन्छ भने लोकगाथामा एउटा मात्र पात्रको बारेमा व्याख्या गरिएको हुन्छ ।

**लोककथा र लोककगाथा विधा तुलनात्मक तालिका**

**ता.सं. १**

| क) लोककथा | ख) लोकगाथा |
|---|---|
| १. आख्यान तत्त्व प्रवल रहन्छ । | १. आख्यान तत्त्वका साथै गेय र सागीतिक तत्त्व पनि प्रबल रहन्छ । |
| २. वक्ताको साथै स्रोताको पनि आवश्यक पर्छ । | २. लोककथामा वक्त र स्रोता हुन पनि सक्छ, पाठकमात्र पनि हुन सक्छ । |

### २.३.५ लोककथा र लोकनाटक

दुबै लोकसाहित्यका विधा हुन् । दुवैले परम्परादेखि नै मौखिक रूपमा मानवलाई मनोरञ्जन तथा नैतिक शिक्षा प्रदान गर्दै आएको पाइन्छ । एउटै विशेषता बोके पनि यी दुईमा निम्नलिखित भिन्नता पाइन्छ :-

**लोककथा र लोकनाटक विधा तुलनात्मक तालिका**

**ता.सं. २**

| क) लोककथा | ख) लोकनाटक |
|---|---|
| १ गद्य विधामा रहन्छ । | १ दुबै विधा रहन सक्छ । |
| २ श्रव्य विधा हो । | २ श्रव्य/ दृश्य दुबै विधामा हुन्छ । |
| ३ घरभित्र बसेर पनि सुन्न-सुनाउन सकिन्छ । | ३ मञ्च अर्थात् नाटक देखाउने स्थानको आवश्यकता पर्छ । |

## २.३.६ लोककथा र लोकगीत

लोककथा र लोकगीत दुवै साहित्यका विधा हुन् । दुवैले मानवमनलाई विरेचित गर्दछ । लोककथा र लोकगीतले मानवसमाजलाई नैतिक शिक्षा, ज्ञान र सीप सिकाएपनि यी दुईमा निम्न भिन्नता पाइन्छ ।

**लोककथा र लोककगीत विधा तुलनात्मक तालिका**

**ता.सं. ३**

| क) लोककथा | ख) लोकगीत |
|---|---|
| वक्ता र श्रोता दुबैको उपस्थिति हुन्छ । | लोकगीत एकान्तमा पनि एक्लै गाउन सकिन्छ । |
| एक वा सोभन्दा धेरै व्यक्तिहरू भएको स्थानमा कथावाचकले प्रस्तुत गर्न सक्छ । | समाजको सुख-दुःख, मेला-पर्व आदिको बारेमा गाइन्छ । |
| धेरै पात्र हुन्छन् र पात्रअनुसार चरित्र चित्रण गरिन्छ । | लोकगीतमा लोकबाजाबाट ताल, सुर र मिठास थप्ने काम गर्न सकिन्छ । |

यसरी लोकसाहित्यमा विभिन्न विधा आफ्नै स्थान ओगट्न सफल भएका छन् । त्यसमा लोककथा र लोकगीतलाई ता.सं.३ अनुसार फरक रूपमा हेरिएको छ ।

उपर्युक्त विभिन्न विधाको तुलनात्मक अध्ययन गर्दा कथा विधालाई उत्कृष्ट विधाको रूपमा हेर्न सकिन्छ । लोककथा त्यो साहित्य हो, जसले नेपाली समाजमा रहेको हरेक पक्षलाई आफूमा समायोजन गराउन सफल भएको छ । लोककथाले मानवसमावलाई नैतिक शिक्षा मित्रता, समाजमा देखा परेको विसंङ्गति विकृतिको विरुद्धमा लड्न सिकाएको छ । बालकदेखि वृद्धा सबैलाई उत्तिकै रूपमा आफू (लोककथा) प्रति तान्न सक्ने क्षमता लोककथामा पाइन्छ । यसरी अध्ययन गर्दा भन्नैपर्छ अरू विधाभन्दा लोककथा उत्कृष्ट छ ।

## २.४ भाषाशैलीय विन्यास

नेपाली जनमानसको गला-गलामा रसाउँदै र रङ्गिँदै आएको लोककथा लोकसाहित्यको एउटा प्रमुख विधा हो । लोककथाले मानिसलाई लामो समयदेखि मनोरञ्जन र शिक्षा प्रदान गर्दै आएको छ । यसरी मनोरञ्जन र शिक्षा प्रदान गर्ने कारकका रूपमा संरचित विभिन्न भाषा र शैलीहरू रहेका छन् । तिनको यसरी चर्चा गरिन्छ :-

### २.४.१ भाषा

भाषा लोककथाको महत्त्वपूर्ण पक्ष हो । लोककथा विशेष गरेर ग्रामीण समुदायका अशिक्षित मानिसहरूले अशिक्षित मानिस वा केटाकेटीलाई सुनाउने हुनाले लोककथाको भाषा सरल र सम्प्रेष्य हुन्छ । लोककथाको भाषा सहरिया र परिष्कृतभन्दा बेग्लै हुन्छ । यसरी सरल भाषामा कथा वाचन गरिने हुनाले सर्वसाधारणले लोककथा पनि सजिलै बुझ्न सक्दछन् ।

### २.४.२ बिम्बविधान

बिम्बविधानअन्तर्गत लौकिक र अलौकिक आदि ठाउँको वर्णन गरिएको हुन्छ । लौकिक र पारलौकिक विषयवस्तुको वर्णन गरिएको हुन्छ । यसमा ग्रामीण, आञ्चलिक र दरबारिया परिवेशको वर्णन गरिन्छ । परिवेश र बिम्बविधान कथावाचकले मिलाएको हुन्छ । लौकिक परिवेशअन्तर्गत पृथ्वी र यस धरातलमा देखिने वस्तुहरू पर्दछन् भने पारलौकिकमा पृथ्वीबाहिरका लोकहरू स्वर्ग, नरक, परलोक, अप्सरालोक र असम्भाव्य कार्यव्यापारको चित्रण भएका कार्यहरू पर्दछन् र त्यसका पात्रहरूलाई समेत प्रयोग गरिएको हुन्छ ।

यसै गरी बिम्ब, प्रतिमा, छाया आदि कथामा प्रयुक्त हुन्छन् । जस्तै "त्यो भूत प्रेतको छायाँ जस्तो अगाडि बढ्यो ।" भूत, प्रेत, राक्षस, देवता आदि यस्तो हुन्छ भनेर कथामा प्रयुक्त गरिन्छ । खास गरी कथामा शाब्दिक बिम्बको प्रयोग गरिन्छ ।

### २.४.३ प्रतीकीकरण

लोककथामा प्रतीकीकरणको अत्यन्त प्रगोग हुन्छ । कुनै अमूर्त वस्तुलाई प्रस्तुत गर्दा मूर्त वस्तुको प्रस्तुति गरिन्छ । स्वर्गको प्रतीकको रूपमा सुन्दर बाग, बगैँचा र झरनायुक्त स्थानलाई प्रयोग गरिन्छ । लामो कपाल, बाहिर निस्किएका दाँत, अग्लो कालो डरलाग्दो मानिस देख्दा राक्षसको उपमा दिइन्छ । लोककथामा यस्ता प्रतीकीकरणको थुप्रै प्रयोग हुन्छ ।

## २.५ विचलन

लोकसाहित्यअन्तर्गत धेरै कथावस्तुमा विचलन देखा पर्दछ, जसले गर्दा कथामा अस्थिरता देखा पर्दछ । कथाका पात्रहरू यत्रतत्र वा के गरौँ कसो गरौँ भनी विचलित भएका देखिन्छन् । अन्तिम अवस्थामा एक कार्य गर्दछन् । कतिपय अवस्थामा आफ्नो मूलभूत लक्ष्य वा कर्म छोडेर कथाको मूल पात्रले अर्को काम गरेको देखिन्छ । जस्तै गाउँलेलाई दुःख दिने भूतले गाउँलेको पक्षमा काम गर्ने गरेको पाइन्छ ।

## २.६ निष्कर्ष

लोककथा लोकजीवनमा परम्परादेखि नै मौखिकरूपमा हस्तान्तरित हुँदै आएको साहित्य हो । यसमा लोकजीवनका सुख-दुःख, हाँसो-आँसु, हर्ष-विस्मात आदि कुराहरू अभिव्यक्त भएका हुन्छन् । प्रायः अशिक्षित समाजमा मनोरञ्जन र नैतिक शिक्षा दिने क्रममा लोकसाहित्य जीवित रहँदै आएको छ । लोकसाहित्यका विभिन्न विधाहरूले मानिसलाई विभिन्न प्रकारले मनोरञ्जन प्रदान गर्दै आइरहेका छन् । विभिन्न विशेषता बोकेका लोकसाहित्यमा लोककथाको क्षेत्र विशाल रहेको छ । लिखित साहित्यको विकास पनि लोकसाहित्यबाट नै भएको हो ।

# तेस्रो परिच्छेद

## गोरखा जिल्ला तथा हर्मी गा.वि.स.को परिचय

### ३.१ पृष्ठभूमि

नेपाल अधिराज्यको पश्चिमाञ्चल विकासक्षेत्रमा अवस्थित गण्डकी अञ्चलभित्रका छवटा जिल्लाहरूमध्ये गोरखा जिल्लाको आफ्नै गौरवमय इतिहास, धार्मिक वैभव, संस्कृति र परम्पराहरू छन् । त्यतिमात्र होइन, ऐतिहासिक दृष्टिले पनि गोरखा चर्चित जिल्ला हो । वि.सं. २०१९ सालमा प्रशासनिक रूपले विभाजित भएपछि यस जिल्लाको साँध-सिमानामा कुनै हलचल आएको छैन । नव नेपालका निर्माता स्व. श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहले आफ्नो नेतृत्व र नेपाली जनताको सहयोगबाट नेपालको निर्माण गरेका थिए । यस देशको उद्‌गम स्थलको रूपमा पनि गोरखालाई नै लिइन्छ । नव नेपालको उदय हुनुभन्दा अगाडि पनि गोरखा राज्य आफैमा शक्तिशाली थियो भन्ने कुरालाई नेपालको इतिहासले पुष्टि गरेको छ । चिसो पानी पिएर आगो ओकल्ने हाम्रा अमरसिंह थापा, भीमसेन थापा, कालु पाण्डे, दामोदर पाण्डे, माथवरसिंह थापा लगायत नेपालकै पहिलो सहिद लखन थापाको कर्मभूमि पनि गोरखा नै हो । त्यस्तै गरी दर्जनौं हिमशृङ्खला, आधा दर्जन जति नदीहरू र विविध प्रकारका हावापानी पाइने यो जिल्ला पृथ्वीनारायण शाहले भने झैँ चार जात छत्तीस वर्णको साझा फूलबारी हो ।

आफ्नो गौरवमय इतिहास बोकेको जिल्लाभित्र पर्ने नगरपालिका र विभिन्न छयसट्ठीवटा गा.वि.स. मध्ये हर्मीपनि एक गा.वि.स. हो । यो विभिन्न किसिमका जातजाति, भाषा-भाषी, रहन-सहन आदिले चिटिक्क सिंगारिएको गा.वि.स. पनि हो । विभिन्न किसिमका नदी, खोला, खोल्सा, डाँडा, वन, जङ्गल, बस्ती अनि उब्जाउमय भूमिले सु-शोभित यस गा.वि.स. मा सृष्टिको उषाकाल देखि नै रहेका विभिन्न प्राकृतिक वस्तुले यसको गरिमा बढाएका छन् । मूलतः पूर्वमा छोप्राक, पश्चिममा आँपपिपल, उत्तरमा थालाजुङ र लमजुङ तथा  दक्षिणमा आँपपिपल गा.वि.स.ले घेरिएर रहेको बीचको भाग नै हर्मी गा.वि.स. हो । जसरी गोरखा विश्वमा प्रसिद्ध छ त्यसरी नै हर्मी गा.वि.स. विविध दृष्टिले नेपाल प्रसिद्ध छ ।

### ३.२ नामकरण

सम्पूर्ण देवताका पनि देवता शिवका नाति र मत्स्येन्द्रनाथका चेला तथा सत्य, त्रेता, द्वापर र कलि चारवटै युगमा जन्मेर यस धर्तीमा बसोबास गर्ने, सम्पूर्ण प्राणीलाई सुख र सन्तोष दिने पात्रका रूपमा पनि परिचित पौराणिक पात्रको नाम हो गोरखनाथ । गौ वा हिन्दुमार्गीहरूको रक्षार्थ जन्मेर इतिहासका हरेक कालखण्डमा यहाँका निवासी तथा शाहवंशीय राजालाई यिनै गोरखनाथले रक्षा गरेको हुँदा यस पावन भूमिको नामाकरण पनि गोरखा भएको मान्यता छ ।[५] भाषाविज्ञानका दृष्टिले गोरक्षभूमि अर्थात् गोरखनाथबाट रक्षित भूमिबाट अपभ्रंश भएर गोरखा भएको हो भन्ने भनाइलाई कसैले पनि नकार्न मिल्दैन ।[६] यस पुण्यभूमिलाई अन्य नामबाट नपुकारी गोरखा नै भन्नुमा विविध किम्बदन्ती, लोककथाहरू, इतिहासकार र समाजशास्त्रीहरूका बीचमा पनि एकमत भने पाइँदैन ।

हर्मीकोट वर्तमान अवस्थामा प्रशासनिक विभाजनअनुसार आँपपिपल गा.वि.स. मा परेको छ, पहिले त्यो कोट हर्मी गा.वि.स. मा थियो । त्यही कोटलाई हर्मीकोट भनिन्थ्यो र पछि त्यसको नामबाट हर्मी गा.वि.स. को नाम रहन गएको पाइन्छ ।

अर्का विद्वान् नरनाथ मरहट्टाका अनुसार संस्कृत भाषामा हर्मीको अर्थ नजिक भन्ने रहेको पाइन्छ । यो हर्मीकोट गोरखाको लिगलिग दरबारको नजिक रहेकोले यो कोटलाई हर्मीकोट भनिन्थ्यो, पछि गएर प्रशासनिक विभाजनमा त्यो कोट हर्मी गा.वि.स. मा पऱ्यो र त्यसैको नामबाट हर्मी गा.वि.स. रहन गएको पाइन्छ । स्थानीय बुद्धिजीवी जीवनज्योति ढकालका अनुसार भञ्ज्याङ्ग परेको क्षेत्रमा ठूलो हरियो चउर थियो रे । हरियो चउर भन्दा भन्दै हर्मी भञ्ज्याङ्ग भनिएको भन्ने किम्बदन्ती पनि रहेको पाइन्छ ।

### ३.३ हर्मी गा.वि.स.को भौगोलिक अवस्था र सिमाना

गोरखा जिल्ला पूर्वमा धादिङ र चीनको तिब्बत क्षेत्र, पश्चिममा लमजुङ्ग र मनाङ्ग जिल्ला, उत्तरमा तिब्बतको स्वशासित क्षेत्र र दक्षिणमा तनहुँ तथा चितवनको केही भागलाई छोएर उत्तर दक्षिण फैलिएर रहेको छ । उत्तरपट्टिका कतिपय अग्ला पहाडमा वर्षभरि नै हिउँ जमिरहेको हुन्छ । यहाँ करिब ५५,६९६ हेक्टर भूमि कृषियोग्य भूमि रहेको पाइन्छ ।[७]

---

५. निखिल गोरखवाणी, प्रचार संघ, **गोरखवाणी,** अङ्क २०५९, पृ. ३९ ।

६. वसन्तकुमार शर्मा, **नेपाली शब्दसागर,** चौ. सं., (भाभा प्रकाशन, २०६२), पृ. १४६ ।

७. **आवधिक जिल्ला विकास योजना,** २०३८ गोरखा ।

गण्डकी अञ्चल, गोरखा जिल्लाअन्तर्गत हर्मी गा.वि.स. रहेको छ । यो गा.वि.स. गोरखा जिल्लाको पश्चिमी भागमा रहेको छ । २८°०५′ देखि २८°१०′ उत्तर अक्षांश र ८४°३०′ देखि ८४°३५′ पूर्व देशान्तरमा अवस्थित छ । करिब १२.१५ वर्ग कि.मी. यस गा.वि.स. को क्षेत्रफल रहेको छ । ६०० मीटर (चेपे किनार) देखि ११०० मिटर तार्के डाँडासम्मको उचाइमा रहेको पाइन्छ । यस गा.वि.स. मा कृषियोग्य जमिन १३०५ हेक्टर रहेको छ र बनजङ्गल १८६.७५ हेक्टर रहेको पाइन्छ । हर्मी गा.वि.स. लाई पश्चिमतर्फ चेपे नदीले छुट्टाएको छ ।

दक्षिणपश्चिमतर्फ आँपपिपल गा.वि.स.सँग छुट्टाएको छ । पन्द्रेखोलाले पूर्वतर्फ छोप्राक गा.वि.स.सँग छुट्टाएको पाइन्छ भने पश्चिमतर्फ पाथीभरा खोलाले आँपपिपल गा.वि.स.सँग छुट्टाएको पाइन्छ । यो गा.वि.स.पूर्व-पश्चिम लाम्चो आकारमा रहेको छ ।

### ३.४ हर्मी गा.वि.स. को राजनैतिक विभाजन

वि.सं. २०५८ को जनगणनाअनुसार पुरुषहरू १३४,४०७ र महिला १५३,७३७ रहेको पाइन्छ । औसत परिवार सङ्ख्या ४.९ रहेको पाइन्छ । जनसङ्ख्या वृद्धिदरलाई २०५८ को जनगणनाको आधारलाई लिँदा १.३२ प्रतिशत रहेको पाइन्छ । जनघनत्वलाई हेर्दा प्रतिवर्ग कि.मी. ८० जना रहेको पाइन्छ ।[८]

वि.सं. २०४६ को प्रजातन्त्रको पुनर्स्थापना पछि यस गोरखा जिल्लालाई ३ ओटा संसदीय क्षेत्र र १३ वटा इलाका, १ नगरपालिका र ६६ गा.वि.स.मा विभाजन गरिएको छ । यो गा.वि.स.गोरखा जिल्लाको निर्वाचन क्षेत्र नं. २ अन्तर्गत इलाका नं. ६ मा पर्दछ । यस गा.वि.स.मा कूल जनसङ्ख्या ४१८२ रहेको छ भने पुरूषतर्फ १८३८ र महिलातर्फ २३४४ रहेको छ । यस गा.वि.स. मा ९१७ घर धुरी संख्या रहेको पाइन्छ । यस गा.वि.स.लाई राष्ट्रिय मान्यताअनुसार ९ वटा वडाहरूमा विभाजन पनि गरिएको छ ।[९]

### ३.५ हर्मी गा.वि.स. धर्म, जाति र भाषा

गोरखा जिल्लाको २०५८ को जनसङ्ख्यालाई आधार मान्दा हिन्दु धर्म मान्नेहरू ८९.२%, बौद्ध धर्म ९.५%, इस्लाम ०.७५%, क्रिश्चियन ०.४%, जैन ०.१% र अन्य ०.१%

---

८. **आवधिक जिल्ला विकास योजना,** २०५८ गोरखा ।
९. **आवधिक जिल्ला विकास योजना,** २०५८ गोरखा ।

रहेको पाइन्छ । भाषाको दृष्टिले नेपाली भाषा बोल्ने ७८%, गुरुङ १२.३६%, मगर २.८५%, शेर्पा १.८%, तामाङ्ग १.७% र अन्य भाषा बोल्ने ३.४५% रहेको पाइन्छ ।

पृथ्वी नारायण शाहले भनेझैं यो गा.वि.स.पनि चार जात छत्तीस वर्णको फूलबारी हो । यस गा.वि.स.मा ब्राह्मण, क्षेत्री, मुस्लिम, कामी, सार्की, गुरुङ, दमै, घर्ती, नेवार, मगर, तामाङ्ग र अन्य जाति गरेर थुप्रै जातजातिले बसोबास गरेको पाइन्छ । फरक-फरक जात-जाति भएकाले यस गा.वि.स.मा हिन्दू, बौद्ध, इस्लाम र क्रिश्चियन धर्म मान्ने मान्छेहरू पाइन्छन् भने नेपाली, उर्दू, गुरुङ आदि भाषाको पनि प्रयोग भएको पाइन्छ ।

### ३.६ हर्मी गा.वि.स. को हावापानी र वनस्पति

समुद्र सतहबाट २२८ मि. उचाइबाट सुरु भई ८१६३ मि. उचाइसम्म पुगेको गोरखाको धरातल रहेको छ । त्यसैले यहाँ टार, बेँसी, नदी र नदीका खोचहरूमा उष्ण हावापानी र अन्य ठाउँमा चिसो हावापानी पाइन्छ ।

यो गा.वि.स. पहाडी जिल्लामा पर्ने भए तापनि यसको आफ्नै विशेषता रहेको छ । मध्यपहाडी क्षेत्र र उच्चपहाडी क्षेत्रको बीचमा पर्ने हुनाले दुबै किसिमको हावापानी पाइन्छ । तथापि उत्तरतर्फ मनास्लु, बौद्ध, हिमालचुली आदि हिमालय प्रत्यक्ष रूपमा देखिने हुनाले चिसो हावापानी नै यस गा.वि.स.को विशेषता रहेको पाइन्छ ।

### ३.७ हर्मी गा.वि.स. को सामाजिक जनजीवन

यस गा.वि.स.को जनजीवनले सामान्यतया नेपाली जनजीवनलाई आत्मसात् गर्ने गरेको पाइन्छ । धेरैजसो मानिसहरू खेतीपातीमा आश्रित छन् भने केही व्यापार र रोजगारीमा लागेका पनि पाइन्छन् । ब्राह्मणहरू पुरेत्याइँ र वर्तमान अवस्थामा रोजगारीमा लागेका पाइन्छन् भने अन्य जातजातिले पुर्ख्यौली पेसा पनि अपनाएको पाइन्छ । घर बनाउने, आरन थाप्ने, खेतिपाती गर्ने आदि काम पनि यहाँका मान्छेहरूले गर्दछन् । चेपेनदी र खारखोला वरपरका केही मान्छे माछा मार्ने काम पनि गर्छन् भने जातिअनुसार कपडा सिलाउने, फलामका भाँडाबर्तन बनाउने आदि पनि यस गा.वि.स. का मानिसहरूको पेसा रहेको पाइन्छ । जातजाति अनुसार दौरा-सुरुवाल, कछाड, भोटो टोपी, धोती, चोला, पटुका, बुर्का, घलेक आदि पोसाक लगाउँछन् । संस्कारअनुसार विवाह, व्रतबन्ध, पूजाआजा, जात्रामात्रा मान्ने गरेको पाइन्छ । गीत, भजन, बालुन, संस्कार गीत, कथा, गाउँखाने कथा आदि यहाँका मानिसहरूमा पाइने रमाइला पक्षहरू हुन् । खेतीपातीमा धान, मकै, कोदो,

आलु आदि यहाँका मुख्य फसल र आँप, केरा, सुन्तला, कटहर आदि मुख्य फलफूल रहेका छन् ।

### ३.८ प्रसिद्ध स्थानहरू

यस गा.वि.स.मा प्रसिद्ध रहेका ठाउँहरूमा कर्नेल थुम्को (१०५० मि. उचाइ) तार्केडाँडा हर्मीकोट (१११० मि. उचाइ) जुन अहिले आँपपिपल गा.वि.स.मा पर्दछ । चम्पावती (चेपेनदी), हरिहर मन्दिर, हर्मी भञ्ज्याङ्गमा मुकुण्डाँडा आदि रहेका छन् । यस्तै वडा नं. ३ स्थित देवी मन्दिर पनि यहाँको प्रसिद्ध मन्दिरको रूपमा रहेको छ, जसलाई देवीस्थान पनि भनिन्छ ।

### ३.९ हर्मीको शिक्षा र स्वास्थ्यको अवस्था

गोरखा शिक्षाको क्षेत्रमा राष्ट्रिय रूपमै अग्रस्थान ओगट्न सफल जिल्ला हो । त्यस्तै हर्मी गा.वि.स. पनि शिक्षाको क्षेत्रमा अग्रस्थानमा नै रहेको छ । हर्मी गा.वि.स. पनि शिक्षाको क्षेत्रमा यस जिल्लाका अन्य गा.वि.स.को तुलनामा अग्रस्थानमा रहेको छ । यस गा.वि.स.मा १ उच्च मा.वि., १ मा.वि. ५ वटा प्रा.वि. र १ मदरसा सञ्चालन भैरहेका छन् । यहाँ शिशु कक्षादेखि १२ कक्षासम्मको पढाइ सञ्चालन भै रहेको छ ।

यस गा.वि.स.मा एउटा उपस्वास्थ्य चौकी रहेको छ, जसमा गा.वि.स.का जनताको उपचार भैरहेको छ । भने गा.वि.स.मा प्रहरी चौकी १ र अतिरिक्त हुलाक कार्यालय १ बाट समेत सेवा प्रदान भैरहेको छ । यसका साथै कर्नेल थुम्कामा सेनाको व्यारेक पनि रहेको छ । हर्मीमा गा.वि.स. कार्यालय र जिल्ला शिक्षा कार्यालयको स्रोतकेन्द्र नवलपुर समेत रहेको छ । गा.वि.स. कार्यालयबाट दैनिक प्रशासनको कार्य भैरहेको छ, जसबाट यहाँका बासिन्दाले प्रशस्त लाभ लिइरहेका छन् ।

### ३.१० निष्कर्ष

हर्मी गा.वि.स. नेपालको पहाडी जिल्लामा अवस्थित विभिन्न गा.वि.स.मध्ये एक हो । नयाँ नेपालको सुरुवातसँगै यस गा.वि.स.मा कच्ची मोटरबाटो करिब २५ कि.मी. निर्माण भएको छ, भने ऐतिहासिक, धार्मिक, सांस्कृतिक र प्राकृतिक दृष्टिले यो गा.वि.स.सम्पन्न छ । विभिन्न अभाव, तनाब र छटपटीले बाँच्नु परे तापनि लोकसाहित्यको माध्यमबाट यहाँका मानिसको मनभित्र गुम्सेका हजारौं तीतामीठा अनुभवलाई आवश्यक परेको खण्डमा सुसेल्ने

कार्य भै रहेको छ । यस्ता अभिव्यक्तिको समयमा नै संरक्षण र सम्बर्धन गर्नु पर्ने देखिन्छ । यस्ता लोककथालाई समेटेर वर्गीकरण गर्नु र विश्लेषण गर्नु पनि अत्यन्त समय सापेक्ष रहेको अनुभूति हुन्छ । अतः भोलिका दिनमा यो कार्य पनि यस गा.वि.स.का विशेषतामध्ये एक मानिनेछ ।

# चौथो परिच्छेद

## हर्मी गा.वि.स.मा प्रचलित लोककथाहरूको विश्लेषण

### ४.१ परिचय

लोककथा निर्माणका क्रममा आधुनिक कथामा जस्तै आधुनिक संसारसँग परिचित स्रष्टाको जरुरत हुँदैन । यो त स्थानीय वातावरणको सेरोफेरोमा सहज रूपले जन्मने गर्दछ । यस्ता कथाहरू सामान्य र सरल भाषामा प्रस्तुत हुने हुँदा बोधगम्य पनि हुन्छन् । सहजता र सरलता नेपाली लोककथाको आफ्नै वैशिष्ट्य पनि हो । सहज र सरल हुँदा हुँदै पनि लोकथाको निर्माणमा केही निश्चित तत्त्वहरूले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । लोककथाका ज्ञाता तथा यस क्षेत्रको बारेमा चासो राख्ने विज्ञ व्यक्तित्वको मतमा भने लोककथाका तत्त्वहरूको बारेमा भने एकरूपता पाइँदैन । प्रसिद्ध लोकसाहित्यका अध्येता श्री रामहरि शर्माले लोककथाका तत्त्वहरूमा कथावस्तु, पात्र, कथोपकथन, चरित्रचित्रण, वातावरण, शैली र उद्देश्यलाई लिएका छन् । त्यस्तै गरी अर्का वरिष्ठ विद्वान् सत्येन्द्रले कथाका प्रमुख तत्त्वहरूमा लोकमानस, कथावस्तु, पात्र, अभिप्राय, घटनाहरू, संघटनाहरू, कथामानस, उपयोगको दृष्टि, अलङ्कारको प्रयोग र वातावरणलाई लिएका छन् ।

यसरी लोककथाका तत्त्वहरुको बारेमा विभिन्न विद्वान्हरूले आ-आफ्नै शैलीमा मत-मतान्तरहरू पेश गरे तापनि हर्मी गा.वि.स.को सेरोफेरोमा चाहार्दा यहाँ प्रचलित लोककथालाई कथावस्तु, अभिप्राय, पात्र, परिवेश, भाषाशैली र उद्देश्यका आधारमा स्थानीय कथाहरूको विश्लेषण गर्ने जमर्को गरिएको छ ।

### ४.२ कथावस्तुको आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण

संसारका कुनै पनि भेकमा प्रचलित लोककथाहरू कथावस्तुका दृष्टिले हेर्दा अत्यन्त धनी हुन्छन् । नेपाली लोककथाहरूको सेरोफेरो र यसभित्र समाहित कथाहरू पनि त्यति कमजोर कथाहरू छैनन् । त्यसमा पनि हर्मी गा.वि.स. एउटा ऐतिहासिक र पुरातन संस्कृतिले भरिपूर्ण भएको गा.वि.स. भएको हुँदा यहाँका लोककथाहरू कथावस्तुको गहनताले बढी मार्मिक र लोकजीवनसंग नजिकको सम्बन्ध गाँस्ने स्तरका छन् ।

कथावस्तुको स्वरूप तथा लक्ष्य उपदेशमूलक मनोरञ्जनात्मक, नैतिक, धार्मिक र सूचनामूलक के कस्ता छन् भनेर अध्ययन गर्ने एउटा बिन्दु हुन्छ । लोककथाहरूमा

साहित्यिक कथाहरूमा झैँ चरित्रले प्रधानता प्राप्त नगरी घटनाहरूको प्रधानता बढी भेटिन्छ । त्यसैले यस अध्ययनमा कथागत स्वरूप, मूल कथावस्तु र प्रासङ्गिक कथावस्तु गरी तीन भागमा विभाजन गरी हेर्ने जमर्को गरिएको छ ।

**४.२.१ कथा सं. १**

**शीर्षक : भुसको रोटी**

**क) स्वरूप**

यस कथामा मुख्य पात्र दुईजना छन् : नेत्रबहादुर र हलितिघ्रे (अन्धो र लङ्गडो) । सहायक पात्रको रूपमा घरपरिवार र राक्षसहरू देखा परेका छन् । परिवारमा हेला भएपछि घर छाड्नुपर्ने अवस्था सृजना हुँदो रहेछ । त्यसैले यी दुई जना घर छाडेर हिँडेछन् । बाटोमा दुःख पर्दा पनि बुद्धिले सहज हुन्छ । सामाजिक विषयवस्तु भएकाले यस कथालाई समाजिक कथाको रूपमा लिन सकिन्छ ।

**ख) मूल कथावस्तु**

एउटा गाउँमा दुई परिवारमा एक-एक व्यक्ति अपाङ्ग हुन्छन् । यसले घरबाट हेला भएको देखिन्छ । दुबै घर छाडेर जाने निष्कर्षमा पुग्छन् । धर्मकर्ममा विश्वास राख्दै परजन्ममा संगै हुने इच्छा अभिबृद्धि हुन्छ । दुःख पर्दा बुद्धिले काम सफल हुन्छ । वास्तविकता नबुझेमा राक्षसहरूले आफ्नै घर पनि छोड्नु पर्ने हुँदोरहेछ । कथावस्तुले पनि यही टुङ्गो लागाउँछ ।

**ग) प्रासङ्गिक कथावस्तु**

यस कथामा प्रासङ्गिक कथावस्तुले हलुका स्थान लिएको जस्तो देखिन्छ । त्यति धेरै प्रासङ्गिक मान्यता प्राप्त गर्न सकेको देखिँदैन ।

**४.२.२ कथा सं. २**

**शीर्षक : लोभी हली र छट्टु मुखिनी**

**क) स्वरूप**

वर्तमानको लोकतान्त्रिक युगमा पनि यो कथाले तल्लो जात भन्नेले उपल्लो जात भन्नेकोमा हली बस्नुपर्ने अवस्था देखा परेको छ । शिक्षित ब्राह्मणको घरमा हली बसेको सार्की सङ्गतअनुसार चलाख र बुद्धि वृद्धि भएको कथाको मूल भाव रहेको छ । ब्राह्मणी

शिक्षित लोग्नेकी पत्नी भएकीले समयअनुसार चल्न सक्छिन् र जस्तालाई त्यस्तै उत्तर दिन सक्छिन् । आफ्नो सङ्गतले आफ्नो संसर्गमा आएका अशिक्षितको बुद्धि बढेकोमा ब्राह्मण पनि मख्ख देखिन्छन् ।

**ख) मूल कथावस्तु**

यस कथाको कथावस्तु सरल शैलीमा अगाडि बडेको छ । सुरुमा गरिब सार्की शिक्षित धनी ब्राह्मणको घरमा हली बसेको छ । ब्राह्मणको सिलोक र बुद्धिमत्तापूर्ण बोली भाषा देखेर ऊ (सार्की) पनि बाठो भएको छ भने ब्राह्मणी पनि स्वतः स्फूर्त रूपमा बाठी भएकी छे । एक दिन हली मीठो खाने लोभी कवितात्मक रूपमा

*ढिंडो धेरै नहाल मुखिनी*
*ढिंडो खाए ज्यू मात्रै रूखिनी*

भन्छ भने ब्राह्मणी पनि कम बाठी थिइनन् । उनले तत्कालै उत्तर दिइन् -

*खाने नै भए खा गौका पाङ्ग्रा*
*खान पाएर मातेको चोर चाङ्ग्रा ।*

यसरी दुबै पक्षले आफ्नो बौद्धिकता प्रदर्शन गरेका छन् ।

**ग) प्रासङ्गिक कथावस्तु**

यस कथामा प्रत्यक्ष तथा परोक्ष रूपमा कथावस्तुले स्थान पाएको छ । साना जाति पढ्न नपाए पनि सङ्गतले गर्दा बाठो भएको प्रसङ्ग उठाइएको छ । बाँच्न, मीठो खान र लाउनको लागि सबैले आफ्नो बुद्धिको प्रयोग गर्दा रहेछन् भन्ने स्पष्ट हुन्छ ।

**४.२.३ कथा सं. ३**

**शीर्षक : काली रहको भुत**

**क) स्वरूप**

मानव र मानवेतर दुबै पात्रको प्रयोग गरिएको यस कथाको स्वरूप सामाजिक खालको छ । मानवेतर राक्षसले जनतालाई दुःख दिएको छ । समाजका युवाको साहसिक कार्यले गर्दा भुत गाउँबाट सदाका लागि भागेको छ र समाजका सबैले सुख प्राप्त गरेका छन् ।

**ख) मूल कथावस्तु**

धेरै वर्ष अगाडि गाउँमा खोलाको रहबाट भुत आएर दुःख दिन्थ्यो । गाउँका बलियाबाङ्गा ठिटाहरूले मिलेर त्यस भुतलाई बुद्धि प्रयोग गरी ओदानले डामे र भुत कुलेलाम ठोक्यो । गाउँलेहरूले ठिटाहरूलाई धन्यवाद दिए र सुखसँग बाँचे ।

**ग) प्रासङ्गिक कथावस्तु**

यस कथाको प्रसङ्गगत अर्थलाई बुभ्दा गाउँमा यथेष्ट युवा तन्नेरीहरू रहनु पर्छ र परिआँउदा आँट भिकेर अगाडि बढ्नु पर्दछ भन्ने रहेको छ ।

**४.२.४ कथा सं. ४**

**शीर्षक : राम्रो बनाएस् है**

**क) स्वरूप**

मानिस उसको कार्यले राम्रो हुन्छ । रूप र कदले हुँदैन । यस कथाको मुख्य पात्र बाबुछोरा बदमास देखापरेका छन् भने गौण पात्रको रूपमा देखा परेका गाऊँलेहरू असल पात्रको रूपमा देखा परेका छन् । दुष्ट विचार र भावना भएका मान्छेलाई पनि आफू राम्रो बनेको देखाउन मन लाग्दो रहेछ ।

**ख) मूल कथावस्तु**

बयापानी गाउँमा बाबुछोरा दुबै कुपात्रको रूपमा देखापर्नु, उनीहरूले गाउँलेहरूलाई दुःख दिएर मजा मान्नु, गाउँलेहरूले एकपल्ट सतगत गरेको लासलाई पुनः सतगत गर्नपर्नु, त्यति हुँदाहुँदै पनि यी बदमास पात्रलाई केही नगर्नु, बाबुभन्दा छोरो धेरै बदमास हुनु, लासलाई टुक्रा पारेर घरवरिपरि छर्नु र अन्तमा छोरो भन्दा त बाबु नै ठीक भन्ने गाउँलेलाई परेको परिवेश देखाइएको छ ।

**ग) प्रासङ्गिक कथावस्तु**

यस कथामा सामाजिक संस्कारलाई गाउँमा मान्यता दिएको पाइन्छ । जसरी त्यो पनि अन्त्येष्टि गर्नुपर्ने प्रसङ्ग देखाएको छ । धेरै बदमासी गर्ने भन्दा कम बदमासी गर्ने ठीक भन्नुपर्दो रहेछ भन्ने प्रासङ्गिक कथावस्तु हो ।

### ४.२.५ कथा सं. ५

**शीर्षक : मूर्ख केटो र दोबाटोको ठिँङ्को**

**क) स्वरूप**

यस कथाको स्वरूप सामाजिक खालको छ । पहिलाको समयमा बदमासी गर्नेलाई ठिँङ्कोमा हालेर सजाय दिइन्थ्यो । ठीक ठाउँमा सामान नहुनाले पनि मान्छेले दुःख पाँउदोरहेछ । गल्ती गर्नेलाई गल्ती अनुसारको सजायँ दिने व्यवस्था समाजमा पहिलेदेखि चल्दै आएको रहेछ भन्ने यसको स्वरूप रहेको छ ।

**ख) मूल कथावस्तु**

मूर्ख केटो बाबुलाई खाना पुऱ्याउन खुरु-खुरु नजानु, अनावश्यक कुरामा सोधखोज गर्दै हिँड्नु, जसले गर्दा बदमास केटाले उसलाई बिनाकाम ठिँङ्कोमा हालिदिनु, बूढो र भोको बाबुले बेलुका छोरालाई ठिँङ्कोबाट निकाल्नु र असल-असल काम गर्ने सल्लाह दिनु यस कथाको मूल कथावस्तु देखिन्छ ।

**ग) प्रासङ्गिक कथावस्तु**

यस कथामा ठिँङ्को, दोबाटो आदि देखा परेका छन् भने बदमास केटो छट्टु केटाको फेला परी सजायँ पाएको छ अनि सुधार भएको पाइन्छ । यही नै प्रासङ्गिक कथावस्तु हो ।

### ४.२.६ कथा सं. ६

**शीर्षक : जो पायो उहीलाई विश्वास नगर्नू**

**क) स्वरूप**

यस कथामा मानव पात्रको प्रयोग गरिएको छ । स्वास्नी मानिस कसरी परपुरुषसँग नजिकिँदा रहेछन् भनी देखाइएको छ । नचिनेको मान्छेलाई विश्वास गर्दा स्वास्नी मान्छेले दुःख पाउँदा रहेछन् र दुःख पाएपछि पश्चात्तापमा परी आफ्नो पुरानो पतितिर अझ बढी श्रद्धा गरेको देखाइएको छ ।

**ख) मूल कथावस्तु**

कथावस्तुले सामाजिक घटनाक्रमलाई ओगटेको पाइन्छ । समाजमा आफ्नो पहिलो लोग्नेको धन सम्पत्ति लट्टिपट्टि पारेर दोस्रो विवाह गरेका थुप्रै उदाहरण पाइन्छन् । यहाँ लोग्ने खेती गर्न गएको बेलामा स्वास्नी पोइल हिँड्छे, सोझो लोग्नेलाई केही थाहा हुँदैन ।

स्वास्नीले लगेको धन छट्टु केटाले बाटोमै कुम्ल्याएर हिँड्छ । स्वास्नी उही दिनमा घर फर्कन्छे । आफ्नो लोग्नेलाई अझ माया गर्दै अगाडि बढ्छे ।

**ग) प्रासङ्गिक कथावस्तु**

कथाको प्रसङ्गगत अर्थलाई बुझ्दा स्वास्नी मान्छेले लोग्ने मान्छेलाई सजिलै जिल्याउँदा रहेछन् । "ताक परे तिवारी नत्र गोतामे" उखानले भनेझैँ यस कथाकी नारी पात्र स्वास्नी मान्छेको चरित्र देखा परेको छ ।

**४.२.७ कथा सं. ७**

**शीर्षक : टालेको रोटी**

**क) स्वरूप**

वर्तमान अवस्थामा जतिसुकै लोकतान्त्रिक गणतान्त्रिक भनेपनि जातपात छुवाछुत र दलितप्रति गरिने दुर्व्यवहारलाई प्रस्ट्याउने कार्य भएको छ । सामाजिक रूढी र अन्धपरम्परालाई खुट्याउने कार्यलाई कथाले उजागर गरेको हुँदा यस कथालाई सामाजिक कथाका रूपमा लिन सकिन्छ । समाजमा यस्तै प्रचलित घटनाहरू र एउटा दलित पात्रले आफ्नो बुद्धि र चतुऱ्याइँको सहयोगबाट समाजका ठूला जाति भनाउँदाहरूलाई ढाँट्न सक्दो रहेछ । सुरुमा जुत्ता सिलाउने सार्की हिन्दू विद्यालयको प्रमुख भान्छे बन्न सकेबाट प्रस्ट हुन्छ ।

**ख) मूल कथावस्तु**

यस कथाको कथावस्तु सरल शैलीमा रेखीय पद्धतिबाट अगाडि बढेको छ । सुरुमा गाउँमा छालाको काम गर्ने सार्की आफ्नो चतुऱ्याइँबाट काशीमा पुगी हिन्दू पाठशालाको मुख्य भान्छे बन्न पुग्छ । एक दिन रोटी पकाउने क्रमका टालेको रोटीले गर्दा सार्कीले आफ्नो यथार्थता फुत्काउँछ । वास्तविकता थाहा पाएपछि प्राचार्यले सार्कीलाई निकालिदिन्छ । यस्ता घटनाले कथावस्तुलाई अगाडि बढाउँदै लगेर आफ्नो जात, वर्ग र स्तरलाई ढाँट्नु केही समयको लागि मात्र हो भन्ने निष्कर्ष निकाल्दै कथा टुङ्गिएको छ ।

**ग) प्रासङ्गिक कथावस्तु**

यस कथामा प्रत्यक्ष तथा परोक्ष रूपमा प्रासङ्गिक कथावस्तुले पनि स्थान पाएका छन् । साना जातिले भान्छाको काम गर्नुहुँदैन भन्ने सामाजिक प्रसङ्ग एकातिर पाइन्छ भने

अर्कोतिर जातलाई ढाँटछल गरेर समाजमा स्थापित हुन खोज्नेहरूलाई कुनै न कुनैदिन कोही न कोहीले अवश्य पत्ता लगाउँछन् भन्ने प्रसङ्ग पनि यस कथाको विषयवस्तुले उजागर गरेको छ ।

**४.२.८ कथा सं. ८**

**शीर्षक : दोत् (साथी)**

**क) स्वरूप**

हाम्रो समाजमा धेरै जातजाति, धर्म, संस्कृति भएका व्यक्तिहरूको सम्मिश्रण पाइन्छ । उनीहरू एक अर्कामा मिलेर रहेका छन् । यहाँ हिन्दू ब्राह्मण र मुस्लिम मियाँ मालिक र सेवक भए पनि उनीहरूबीचको घनिष्ट मित्रतालाई देखाइएको छ । समाजमा विभिन्न जातजातिहरू मिलेर बस्दा नै समाजको उन्नति प्रगति हुन्छ भन्ने कुरालाई उजागर गर्न खोजिएको छ ।

**ख) मूल कथावस्तु**

यस कथाको कथावस्तुले आफ्नो सामाजिक मेल मिलापलाई अङ्गीकार गरेको छ । वर्ग नमिले पनि मित्रता ठूलो कुरा हुँदोरहेछ । हाम्रो समाजमा धर्मको पनि उत्तिकै स्थान रहेको छ । हाम्रो समाज विविध कुराले समेटिएको छ र अनेकतामा एकता हर्मी गा.वि.स. को विशेषता सान्दर्भिक देखिन्छ ।

**ग) प्रासङ्गिक कथावस्तु**

यस कथामा प्रत्यक्ष रूपमा फरक जातिमा पनि मित्रताको कसिलो साइनो हुँदोरहेछ भन्ने देखाइएको छ । समाजमा जात-जाति, धर्म, संस्कृति भन्दा पनि मित्रतालाई सबल देखाइएको छ । मित्रले नै एक कठिन अवस्थाबाट मान्छेलाई उठाउन महत्त्वपूर्ण भूमिका खेल्दछ भन्ने कुरा देखाइएको छ ।

**४.२.९ कथा सं. ९**

**शीर्षक : बाठो अन्धो**

**क) स्वरूप**

छोटो कथावस्तु भए तापनि यस कथाले मानवीय र ईश्वरीय दुबै शक्तिलाई उपयोग गरेको छ । मानिस आँखाले अन्धो हुन्छ तर विचारले हुँदैन भन्ने कुरालाई यसकथाले प्रस्ट

पारेको छ । मान्छेले बुद्धि र विवेकले ईश्वर (महादेव) लाई पनि छक्याएर एउटा वर माग भनेको अवस्थामा छक्याएर धेरै वर मागेको पाइन्छ ।

**ख) मूल कथावस्तु**

कुनै गाउँमा एउटा अत्यन्त गरिब अन्धो बस्नु, उसलाई गाउँलेझैं धनी, परिवार इष्टमित्र हुने इच्छा बढ्नु, शिवजीको आराधना गरेर एकै बरमा सबै कुरा माग्न सक्नु, शिवजी नै छक्क परी तथास्तु भनी बर दिनु, बर दिएपछि कथाको अन्त्य हुनु यस कथाको मूल कथावस्तु रहेको छ ।

**ग) प्रासङ्गिक कथावस्तु**

मानिसमा सम्पूर्ण अङ्गहरू दुरुस्त नभएसम्म विचार र बुद्धि उत्कृष्ट छ भने उसलाई दुःख हुँदैन भन्ने कुरा यस कथाले प्रस्ट्याएको पाइन्छ ।

यसरी लोक कथावस्तुको बारेमा अध्ययन गर्न सङ्कलित लोककथाहरूमा प्रासङ्गिक कथावस्तुहरू लोककथामा छन् । सङ्कलित ९ ओटा कथाहरू मनोरञ्जनात्मक उपदेशमूलक, सन्देशमूलक र नैतिकता अवलम्बन गर्ने खालका छन् ।

**४.३ अभिप्रायको आधारमा गोरखा जिल्लामा प्रचलित लोककथाको विश्लेषण**

अभिप्रायका आधारबाट नै स्थानीय र राष्ट्रिय स्तरका कथाहरूको पहिचान गर्न सकिन्छ । लोककथालाई स्थान र समयले विशेष प्रभावशाली बनाएको हुन्छ । कथा वक्ताले कथाको विषयवस्तुलाई भन्दा त्यसले प्रस्तुत गर्ने अभिप्रायलाई बढी महत्त्व दिने कार्य गर्दछ । कुनैपनि श्रोता तथा लोककथाका पाठकले कथालाई दोहोऱ्याउन परेमा सम्बन्धित कथाको अभिप्रायलाई छिटो सम्झन्छन् । लोककथामा अभिप्राय स्तरीय हुनुपर्छ । देश, काल, परिस्थिति, चरित्र, विचार र घटनाहरू पटक-पटक दोहोरिएर लोककथामा प्रयोग भैरहेका हुन्छन् ।

लोककथाको लेखन परम्परा र प्रस्तुतिको परम्परासँग कुनै भनाइ पटक-पटक रूप तथा उपरूपका सन्दर्भमा पुनरावृत्ति हुँदै आएमा अभिप्रायवान् हुन्छ । लोकसाहित्यका विद्वान् सत्येन्द्रले शैलीमा पनि अभिप्रायको झलक पाइने कुराको उल्लेख गरेर “लोकसाहित्य सिद्धान्त और प्रयोग” मा प्रस्ट पारेका छन् । यहाँ शैली घटना र विचारको कोणबाट हेर्दा प्रस्तुत तालिकाको आधार लिएर विश्लेषण गरिएको छ ।

## अभिप्राय विश्लेषण तालिका

## ता.सं. ४

| क्र.स. | कथाको शीर्षक | प्रस्तुति | घटना | विचार |
|---|---|---|---|---|
| १. | भुसको रोटी | १. धेरै पहिलेको कुरा हो बाट शुरू भएको । २. कथाको विषयवस्तु सबल पक्षमा टुङ्गिएको । ३. शीर्षकले पूरै कथावस्तुलाई ओगटेको । | १. कथाको मुख्य पात्र अपाङ्ग । २. पुण्य कमाउन हिँड्नु । ३. राक्षसलाई जुक्तिले हराउनु | १. देश, काल, परिस्थिति अनुरूप बुद्धिचलाउन सक्नुपर्ने । २. पवित्र मित्रतामा स्वार्थको गन्ध नपाउनु । |
| २. | लोभी हली र छट्टु मुखिनी | १. 'उहिलेको कुरा हो' बाट शुरू भएको । २. कथाको विषयवस्तु बठ्याइँपूर्वक अगाडि बढ्नु ३. शीर्षकअनुसार सकारात्मक रूपमा टुङ्गिनु । | १. कथाको मुख्य पात्र ब्राह्मणी र सार्की अशिक्षित भए पनि बौद्धिक देखिनु । २. हली भए पनि आफूलाई हीनताबोध नगरी कवितात्मक शैलीमा बातचित गर्नु । | १. जातको भन्दा कामको महत्त्व हुनु । २. बुद्धि वृद्धिको लागि जातले असर गर्दैन । |
| ३. | काली रहको भुत | १. 'धेरै बर्ष पहिले' बाट सुरु भएको । २. मानवेतर पात्र भुत प्रमुख पात्रको रूपमा रहेको । ३. सहायक पात्र सबल देखिएको | १. भुतले गाउँलेलाई दुःख दिएको । २. युवा ठिटाहरूले भुतलाई सजायँ दिएको । ३. भुत आफ्नै स्थानमा फर्किएको । | १. अरूलाई दुःख दिंदा आफूलाई पनि दुःख पर्छ भन्ने सन्देश । २. अलौकिक वस्तुबाट पनि शिक्षा प्राप्त गर्न सकिन्छ भन्ने आधार । |
| ४. | राम्रो बनाएस् है | १. हर्मी गा.वि.स.को बयापानी भन्ने गाउँबाट सुरु भएको । २. रेखीय शैलीमा कथाको सुरुवात । ३. गाउँमा बदमासले गाउँ समाजलाई दुःख दिएको विषय-वस्तु । | ४. गाउँमा दुःख माथि दुःख थपिनु ५. बद्मासले खुसी मान्नु । ६. दुःख पर्दा पनि गाउँले नआत्तिएर काम गर्दै जानु । | ७. संसारलाई दुःख मात्र दिनु हुँदैन । ८. लाख काम गरे पनि आफ्नो कार्य प्रति सन्तुष्ट नहुनु । ९. अन्तमा आफू राम्रै बन्ने इच्छा । |
| ५. | मूर्ख केटो र दोबाटोको ठिङ्को | १. 'हर्मी गा.वि.स.को बोगटी भन्ने गाउँबाट' बाट सुरु भएको । | ४. मुख्य पात्र मूर्ख हुनु । ५. मूर्खकेटाले आफ्नै बुद्धिले दुःख पाउनु । | ७. मूर्खताले राम्रो गर्दैन भन्ने सन्देश । ८. दुःख पाएपछि मात्र होस् |

| | | | | |
|---|---|---|---|---|
| | | २. मूर्ख केटो आफै खाजा पुऱ्याउन जानु ।<br>३. मूर्ख केटोलाई छट्टु केटोले अनाहकमा ठिङ्कोमा हाली भाग्नु । | ६. बाबुको अर्ति उपदेशबाट सुध्रनु | खुल्छ भन्ने पाठ ।<br>९. पढेर मात्र होइन परेर पनि सिकिन्छ । |
| ६. | जो पायो उहीलाई विश्वास नगर्नु | १. एकादेश बाट सुरु भएको ।<br>२. स्त्रीको विश्वास कम हुन्छ भन्ने प्रचलन ।<br>३. ढाँट छलको परिणाम राम्रो हुँदैन । | ४. मुख्य पात्रमा लोग्ने र स्वास्नी<br>५. लोग्ने नभएको बेलामा घरबाट भाग्नु ।<br>६. पश्चात्तापमा पर्नु र घरै फर्कनु | ७. देखेको भन्दा पनि लेखेको हुनुपर्छ भन्ने लाग्नु ।<br>८. मानिका मनभित्रका यौन इच्छा अनेक तरहबाट प्रस्फुटित हुन्छन् ।<br>९. अनुहारको भन्दा गुणको कदर हुनुपर्छ । |
| ७. | टालेको रोटी | १. सामाजिक अपचलनबाट कथाको सुरु हुन्छ ।<br>२. ढाँटछल गरेको कुरा सधैं दिगो हुँदैन ।<br>३. वेद पाठ गर्ने ठाउँमा सार्की भान्छे हुनु । | ४. सार्कीले भान्छेकाम गर्न पाउनु<br>५. रोटीमा प्वाल पर्नु ।<br>६. टालेको रोटी प्राचार्यकोमा पुगेर नोकरीबाट हटाइनु । | ७. कामलाई जातिले छेक्दैन ।<br>८. ढाँटेको कुरा काटे मिल्दैन<br>९. अनावश्यक कुरामा युग अनुसार अघि नबढे ठीक हुन्छ । |
| ८. | दोत् (साथी) | १. पहिलेको जमानामा हर्मीको कालढुङ्गे र बयापानी स्थानबाट सुरुवात ।<br>२. मुस्लिमले मिलाद (धर्म प्रवचन) सुन्नु ।<br>३. मिलादमा मुराद (इच्छा) पूरा हुन्छ भन्ने बुझ्नु । | ४. हिन्दू ब्राह्मणको घरमा मुस्लिम सेवक हुनु ।<br>५. मुस्लिमले मिलाद (धर्म प्रवचन) सुन्नु ।<br>६. मिलादमा मुराद (इच्छा) पूरा हुनु | ७. धर्म जातिले मित्रतामा असर पार्दैन ।<br>८. असल मन भए सधैं अरूलाई सेवक नबनाउने सन्देश ।<br>९. असल मित्र सँधै एकै ठाँउ स्वर्ग (जन्नत) मा पनि रहनु । |
| ९. | बाठो अन्धो | १. 'एकादेशमा' परम्परागत शैली बाट सुरु ।<br>२. कथाबस्तुलाई संवेदनशील शैलीमा प्रस्तुत ।<br>३. शीर्षक बौद्धिक तरिकाले सार्थक बनाइएको । | ४. अन्धाको आफन्त कोही नहुनु ।<br>५. महादेवको तपस्या गर्नु र उनी खुसी भएर बरदान दिनु ।<br>६. चलाखीपूर्ण शैलीमा एउटै मागेको वरबाट धेरै कुरा प्राप्त हुनु । | ७. बलभन्दा बुद्धि ठूलो ।<br>८. अन्धाहरू पनि दूरदर्शी हुन्छन् ।<br>९. कुनै अवस्थामा चतुऱ्याइँले पनि धेरै फाइदा लिन सकिन्छ । |

लोककथालाई अभिप्रायको रूपमा उपयुक्त शैली र तरिकाबाट अध्ययन गर्दा पाठकलाई कथा बुझ्न सहज अनुभूति हुन्छ । कथाको प्रस्तुति, घटना र विचार विश्लेषण गर्दा कस्ता प्रकारका कथाहरू छन् भनी पहिचान गर्न सकिन्छ । वक्ताले कथामा अलङ्कार भर्ने हुनाले कथा मिठासपूर्ण त हुँदै जान्छन् त्यसमा पनि स्थान र समयले कथा वक्ताले कथाको विषयवस्तुलाई भन्दा अभिप्रायलाई बढी महत्त्व दिने काम गर्दछ ।

## ४.४ पात्र र चरित्रको आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण

कथानक पछि हरेक लोकथामा पात्रहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । प्रकृतिका हरेक मानव, मानवेतर प्राणी र जडवस्तुसँगै लोककथाका पात्र बढ्न सक्छन् । मानिस, पशुपक्षी, जीवजन्तु, देवीदेवता, बोटबिरुवा, भुत, देवता, राक्षस आदि पात्रहरूले मानव भाषा नै बोल्छन् । लोकथामा कुनै वस्तु पात्र हुन सक्छ । समग्र रूपमा हेर्दा वा सामान्य रूपले विभाजन गर्दा लोककथाका पात्रहरू मानवीय र मानवेतर गरी दुई प्रकारका हुन्छन् ।

पात्रहरूमा नायकले सबै कुराको फल भोग्छ । लोककथाका नायकहरू प्राय: आदर्शवादी लडाकु र सङ्घर्षशील हुन्छन् । थोरै पात्रहरू मात्र आदर्शका कारणले निरीह बनेका पाइन्छन् । आदर्श नायकलाई सहयोग गर्ने सहयोगी पनि यिनीहरूकै नजिक हुन्छन् । ठाउँठाउँमा पशुपक्षीलाई पनि सहयोगीको रूपमा प्रयोग गरेको पाइन्छ ।

हर्मीको सेरोफेरोमा प्रचलित लोककथाहरूमा समावेश गरिएका पात्रहरू एकै प्रकारका नभई अनेक प्रकारका देखिन्छन् । उनीहरूले गरेको कार्य वा कथाभित्र देखिएको व्यवहार हेर्दा विभिन्न आधारमा हेर्न सकिन्छ । तीमध्ये यस क्षेत्रमा प्रचलित लोककथाका पात्रहरूलाई यसरी हेर्ने जमर्को गरिएको छः-

### ४.४.१ कार्यको आधारमा

एउटा लोककथामा कुनै पात्रले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ भने कुनै पात्रले सामान्य भूमिका निर्वाह गरेर कथावस्तुलाई सहयोग पुऱ्याएको हुन्छ । कुनै पात्रको भूमिका भने खासै महत्त्व दिने खालको पनि नहुन सक्छ । त्यसैले यस गा.वि.स. मा प्रचलित लोककथाका पात्रहरूलाई मुख्य पात्र, सहायक पात्र र गौण पात्र गरी तीन भागमा विभाजन गरेर अगाडि चर्चा गरिन्छ ।

### ४.४.१.१ कथा सं. १

**शीर्षक : भुसको रोटी**

**क) मुख्य पात्र**

यस कथामा मुख्य पात्र अन्धो र लङ्गडो हुन् । दुबै अपाङ्ग भएपछि घरबाट अपहेलित हुन्छन् । अपहेलित दुबै पुण्य प्राप्त गर्नको लागि धार्मिक स्थलतर्फ लम्कन्छन् । बाटोमा अँध्यारो भई बास बस्दा राक्षसको घर पर्छ । असजिलोमा संयोगका साथ बुद्धि लगाएर बाँच्न सफल हुन्छन् ।

**ख) सहायक पात्र**

यस लोककथाका सहायक पात्रका रूपमा राक्षसहरू देखा पर्दछन् । केही क्षण वार्तालाप हुन्छ । राक्षसहरू डराउँछन् । आफ्नै घर छोडी अन्यत्र भाग्छन् ।

**ग) गौण पात्र**

यस लोककथाका गौण पात्रको रूपमा दुबै अन्धा र लङ्गडाका घरपरिवार देखा पर्दछन् । खासै उनीहरूको भूमिका रहेको पाइँदैन ।

### ४.४.१.२ कथा सं. २

**शीर्षक : लोभी हली र छट्टु मुखिनी**

**क) मुख्य पात्र**

यस कथामा मुख्य पात्र बाहुनको घरमा हली बसेको सार्की हो । ऊ अवस्थाले हली बस्नु पर्ने भए पनि मस्तिष्कले धनी छ । ब्राह्मण परिवारको सङ्गतले राम्रा उखानटुक्का, गीत, श्लोक आदि जानेको छ । उसले यही बुद्धि र सीपले बेलामौकामा मीठोमसिनो फुत्काउने गर्छ ।

**ख) सहायक पात्र**

यस कथाकी सहायक पात्र मुखिनी हुन् । ब्राह्मण परिवारमा भए पनि उनी छुच्ची स्वभावकी देखा परेकी छिन् । उनले सार्कीलाई मीठोमसिनो दिनबाट बञ्चित गरे जस्तो देखिन्छ । उनको स्वभाव हेपाहा प्रवृत्तिको रहेको देखिन्छ ।

**ग) गौण पात्र**

यस कथामा गौण पात्र ब्राह्मण र केटाकेटी देखिन्छन् तर उनीहरूको खासै भूमिका छैन ।

**४.४.१.३ कथा सं. ३**

**शीर्षक : काली रहको भुत**

**क) मुख्य पात्र**

यस कथाको प्रमुख पात्र काली रहको भुत देखा परेको छ, जसले गाउँमा आएर समेत दु:ख दिएको हुन्छ । ऊ गाउँलेलाई यसरी नै दु:ख दिन मन पराउँछ । अन्तमा गाउँका ठिटाहरूले उसलाई तह लगाउँछन् र गाउँलेलाई सुख दिन्छन् ।

**ख) सहायक पात्र**

सहायक पात्रको रूपमा गाउँका युवाहरू देखापर्दछन् । उनीहरू एकआपसमा मिलेर गाउँलेलाई दु:ख दिने भुतलाई गाउँबाट सदाका लागि लखेट्ने काम गर्दछन् ।

ग) गौण पात्र

गौण पात्रका रूपमा गाउँलेहरू देखा पर्दछन् । उनीहरू डरले न त भुतसँग प्रतिवाद गर्छन् न त युवाहरूलाई नै सहयोग गर्छन् । त्यसैले यिनीहरूको खासै भूमिका देखिँदैन ।

**४.४.१.४ कथा सं. ४**

**शीर्षक : राम्रो बनाएस् है**

**क) मुख्य पात्र**

यस कथाको मुख्य पात्र बयापानीको बूढो हो । ऊ सधैँ समाजलाई दु:ख दिन्थ्यो । यसैमा ऊ रमाउने गर्दथ्यो । तर पनि उसको एक मनमा भने राम्रो हुने इच्छा जागेको देखिन्छ । प्रमुख पात्र भए पनि ऊ सत्पात्र भने होइन ।

**ख) सहायक पात्र**

सहायक पात्रको रूपमा बूढाको छोरो देखा पर्दछ । बाबुको देखासिकी गरेर गाउँलेलाई झन दु:ख दिन्छ, जसले गर्दा तुलनात्मक रूपमा छोरोभन्दा बाबु नै राम्रो देखिन्छ।

**ग) गौण पात्र**

गौण पात्रको रूपमा गाउँलेहरू देखा परेका छन् । उनीहरूले मुर्दालाई दुईतीनपल्ट बोक्नुपर्ने बाध्यता छ तापनि कुनै प्रतिक्रिया देखा परेको छैन ।

**४.४.१.५ कथा सं. ५**

**शीर्षक : मूर्ख केटो र दोबाटोको ठिड्को**

**क) मुख्य पात्र**

यस कथामा मुख्य पात्रको रूपमा मूर्ख केटो रहेको छ । ऊ आफ्नो मूर्खताले गर्दा आफै सजायँको भागिदार भएको छ भने मूर्ख केटाले बाबुआमाले दिएको अर्ती उपदेशलाई समेत मानेको देखिँदैन  र ठिड्कोमा परेको छ ।

**ख) सहायक पात्र**

यस कथाको सहायक पात्रको रूपमा मूर्ख केटाका बाबुआमा देखा परेका छन्, जसले छोरालाई सही बाटोमा ल्याउन आफ्नो भएभरको बुद्धि-क्षमता प्रयोग गरेका छन् । अन्तमा मूर्ख छोरालई सही मार्गमा हिँडाएका छन् ।

**ग) गौण पात्र**

गौण पात्रको रूपमा दोबाटाको छट्टु केटो देखा परेको छ । एउटा खाजा पुऱ्याउन गएको केटालाई ठिड्कामा पारी ऊ बेपत्ता भएको देखाइएको छ ।

**४.४.१.६ कथा सं. ६**

**शीर्षक : जो पायो उहीलाई विश्वास नगर्नु**

**क) मुख्य पात्र**

यस कथामा मुख्य पात्रको रूपमा लोग्ने-स्वास्नी देखा परे पनि स्वास्नी नै मुख्य पात्र हो । ऊ उमेरदार केटोलाई लोग्ने बनाउन चाहन्छे,जसले गर्दा लोग्नेलाई समेत थाहै नदिई ऊ घरबाट हिँड्छे तर छट्टु केटाले धोका दिएपछि ऊ त्यसै दिन लोग्नेले थाहा नपाउँदै घरमा आई सत्मार्गी बन्ने प्रण गर्दै नयाँ जीवन सुरु गर्छे ।

**ख) सहायक पात्र**

सहायक पात्रको रूपमा केटो देखा परेको छ । उसले स्वास्नी मानिसको धनमा ऱ्याल काढेको छ र सबै नखराबाजी गरेको छ । आफ्नो काम सिद्धि भएपछि अर्धबैँसे स्वास्नीलाई छाडी बेपत्ता भएको छ ।

**ग) गौण पात्र**

गौण पात्रको रूपमा त्यही युवक जोगीको रूपमा देखापरी अधवैँशे स्वास्नी मानिसलाई अर्तिबुद्धि दिएको देखाइएको छ ।

**४.४.१.७ कथा सं. ७**

**शीर्षक : टालेको रोटी**

**क) मुख्य पात्र**

मुख्य पात्रको रूपमा बयापानीको सार्की देखापरेको छ । ऊ गरिब भएर रोजगारीको खोजीमा मुग्लान पुग्छ । हिन्दू पाठशालामा भान्छे हुन्छ । भान्छाको काम गर्दा रोटी टालेको निहुँमा प्राचार्यले जात पत्ता लगाउँछ । यहीबाट उसको रोजगारी टुङ्गिन्छ ।

**ख) सहायक पात्र**

सहायक पात्रको रूपमा प्राचार्य देखापर्छ । उसले सार्की भान्छेलाई चिन्न सफल हुन्छ र आफ्नो धर्म संस्कारको रक्षा गर्छ ।

**ग) गौण पात्र**

गौण पात्रको रूपमा विद्यार्थीहरू देखा पर्दछन् । उनीहरूको खासै ठूलो भूमिका देखिँदैन ।

**४.४.१.८ कथा सं. ८**

**शीर्षक : दोत् (साथी)**

**क) मुख्य पात्र**

यस कथामा मुख्य पात्र मुस्लिम सेख मियाँ हो । ऊ गरिब भएकै कारणले नोकर बस्नु परे पनि यत्रतत्र बुद्धि लगाउन सिपालु छ । यसैको फलस्वरूप नोकर बन्नुबाट मुक्त हुन्छ । ऊ मिलनसार पनि छ ।

**ख) सहायक पात्र**

एउटा सहायक पात्रको रूपमा हिन्दू चन्द्रकान्त देखा पर्दछ । ऊ मालिक भए पनि नोकरलाई मित्रवत् ठान्दछ । उसैको मित्रताले गर्दा मुस्लिमले नोकरबाट छुट्कारा पाउँछ ।

**ग) गौण पात्र**

गौण पात्रको रूपमा मौलाना (पण्डित) देखापर्दछ । त्यहाँ धर्मप्रवचन सुन्ने श्रोता पनि गौण पात्र हुन । उनीहरूले कथावस्तुलाई अगाडि बढाउन सफल हुन्छन् । अन्य पात्र क्रियाशील देखिँदैनन् ।

**४.४.१.९ कथा सं. ९**

**शीर्षक : बाठो अन्धो**

**क) मुख्य पात्र**

यस कथामा मुख्य पात्र अन्धो हो । ऊ एक्लो छ । तैपनि जीवन कसरी सुखी हुन्छ भन्ने सोचमा छ । सोचाइले गर्दा महादेवको तपस्या गर्दछ । महादेव खुसी भएर अन्धालाई घर, धन, खेती, बारी र स्वास्नी समेत प्रदान गर्दछन् । अन्धो भएपनि ऊ विचारवान् र भविष्यलाई नियालेर हेर्न सक्ने पात्रका रूपमा देखा पर्छ ।

**ख) सहायक पात्र**

सहायक पात्रको रूपमा महादेवलाई लिन सकिन्छ । उनी गरिब र दुःखीमाथि दया गर्ने, सबैको पुकार सुन्ने पात्रको रूपमा देखा पर्दछन् । चलाख अन्धाले एउटै वरमा धेरै कुरा माग्दा पनि खुसी भएर दिन्छन् । यस कथाका सहायक पात्र समाजसेवी र चतुऱ्याइँलाई सम्मान गर्ने पात्रका रूपमा देखा पर्दछन् ।

**ग) गौण पात्र**

यस कथामा अन्य गौण पात्रको उपस्थिति छैन ।

## ४.५ वातावरण र परिवेशका आधारमा लोककथाको विश्लेषण

आधुनिक कथामा कथाकारको व्यक्तित्वको प्रभाव कथामा हुन्छ भने लोककथामा व्यक्तिगत प्रभाव कम हुनु सर्वसिद्ध कुरा हो । लोककथा वाचकको वैयक्तिक भाषाको प्रभाव केही हदसम्म पर्ने भए तापनि अन्य तत्त्वमा यसको स्थान कमै हुन्छ । भाषामा पनि

वैयक्तिकताभन्दा स्थानविशेषको सामाजिकताले बढी प्रभाव पारेको हुन्छ । यसरी नै लोककथामा प्रत्यक्ष रूपमा वातावरणको चित्रण आधुनिक कथामा झैँ हुन्छ भन्ने मान्न सकिँदैन । यति भएर पनि लोककथा वाचक असामाजिक प्राणी नभैकन सामाजिक सदस्य भएको नाताले कुनै न कुनै नाताले उसले लोककथामा वातावरणलाई भित्र्याएको हुन्छ । स्वयम् श्रोता सामाजिक सदस्य भएकाले उसलाई सम्बोधन गरेर लोककथा सुनाउने प्रक्रियामा सहज स्वाभाविक रूपले वातावरणमा आएको हुन सक्छ । अर्को शब्दमा लोककथा सामाजिकताको सङ्केत हो भने लोकतत्त्वको उपस्थितिमा सामाजिक वातावरणको पनि उपस्थिति भएको मान्न सकिन्छ । अतः यिनै सन्दर्भमा गोरखा जिल्ला हर्मी गा.वि.स.मा सङ्कलित लोककथाहरूको वातावरणलाई प्रमाणसहित स्पष्ट तुल्याउन यहाँ तालिका निर्माण गरी अध्ययन गरिन्छ ।

**वातावरण/परिवेश विश्लेषण तालिका**

**ता.सं. ५**

| क्र.स. | कथा शीर्षक | वातावरण | प्रमाण कथन |
|---|---|---|---|
| १. | भुसको रोटी | लौकिक | १. पुण्य कमाउन तीर्थ जानु ।<br>२. मित्रता जीवन्त पार्नु ।<br>३. बुद्धिले जटिल काम फत्ते गर्नु । |
| २. | लोभी हली र छट्टु मुखिनी | लौकिक सांस्कृतिक | १. ब्राह्मणको घरमा सार्की हली बस्नु ।<br>२. हलीले कवितात्मक टुक्का प्रयोग गर्नु ।<br>३. श्रीमती आफूजस्तै बाठो भएकोमा ब्राम्हण खुसी हुनु । |
| ३. | काली रहको भुत | सामाजिक, लौकिक | १. गाउँमा नराम्रा घटना हुनु ।<br>२. गाउँका युवामा जोस देखिनु ।<br>३. भुत भाग्नु । |
| ४. | राम्रो बनाएस् है | सामाजिक | १. समाजमा धेरै प्रकारका मान्छे पाइनु ।<br>२. नराम्रो काम गरेर पनि मान्छे खुसी हुनु ।<br>३. अन्तर मनमा आफूचाहि राम्रै बन्न खोज्नु । |
| ५. | मूर्ख केटो र दोबाटोको ठिड्को | सामाजिक लौकिक | १. समाजमा खराब काम गर्नेलाई सार्वजनिक रूपमा सजायँ दिइने वस्तु पाइनु ।<br>२. मूर्खले काम नजान्दा सजायँ पाउनु ।<br>३. ठक्कर खाएपछि होस आउनु । |
| ६. | जो पायो | सामाजिक | १. लोग्नेलाई झुक्याएर स्वास्नी बहकिनु । |

| | | | |
|---|---|---|---|
| | उहीलाई विश्वास नगर्नु | लौकिक | २. आफू ठगिएको थाहा पाएपछि सही बाटोमा हिड्नु ।<br>३. साधुले सधैँ सत्य, राम्रो कुरा गर्छन् भन्ने हुनु |
| ७. | टालेको रोटी | सामाजिक, सांस्कृतिक | १. जात थर ढाँटेर जागिर खाने प्रचलन पाइनु ।<br>२. साँचो कुरा नगर्दा दुःख पाउनु ।<br>३. अझै पनि समाजमा जातजातिको प्रथाले स्थान पाइरहनु । |
| ८. | दोत् (साथी) | सामाजिक लौकिक | १. मित्रतालाई जात धर्मले राख्दैन ।<br>२. ब्राहमण भए पनि मित्रताको लागि सेवकलाई छुटकारा दिनु ।<br>३. मित्रताको भावना अमर हुनु । |
| ९. | बाठो अन्धो | सामाजिक, धार्मिक र अलौकिक | ४. अन्धोको आफन्त र धनसम्पत्ति केही नहुनु ।<br>५. महादेवको तपस्या गर्नु ।<br>६. चलाखीपूर्ण शैलीमा एउटा वरमा धेरै थोक (वर) माग्नु । |

यसरी वातावरण र परिवेशको आधारमा कथाको विश्लेषण गर्दा कथामो कथाकारको प्रभाव देखापर्दछ । कथाकार समाजको एक पात्र हुनाले उसले आफ्नो समाजको परिवेशलाई आफ्नो कथामा समावेश गर्दछ । त्यसैले यसलाई विश्लेषण गरी अध्ययन गर्दा वातावरण प्रमाण कथन नै कथालाई जीवन्त बनाउने प्रेरक बिन्दु हुन् ।

## ४.६ उद्देश्यका आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण

लोककथामा होस वा आधुनिक कथामा होस उद्देश्य कथात्मक साहित्यको एउटा अनिवार्य तत्त्वमा हो । उद्देश्यमा लेखकको सामान्य वा विशिष्ट जीवनदृष्टिको विवेचना हुन्छ । प्रस्तुत जीवनको दृष्टिकै आधारमा कथावस्तुको विन्यास पात्रहरूको योजना र वातावरणको प्रयोग अनुबन्धित हुने गर्छन् । लोककथाका सन्दर्भमा भन्दा समग्र लोकसाहित्यको मूल उद्देश्य मनोरञ्जन हुँदाहुँदै पनि लोककथाको स्वरूपलाई प्रयोजनपरकता प्रदान गर्नका लागि कतै न कतै कुनै न कुनै रूपमा उद्देश्य वा विचारको पनि संलग्नता पाउन सकिन्छ । लोककथामा आधुनिक कथामा झै उद्देश्य वा विचारका लागि लोककथावाचक शतप्रतिशत गम्भीर नभए पनि विचारको सन्दर्भलाई जोडेको पाइन्छ । आधुनिक कथामा लेखकको वैयक्तिक वा विशिष्ट जीवनदृष्टि पाउन सकिन्छ भने लोकथामा लोकतत्त्वको अनिवार्यताको कारणले सर्वसामान्य वा सर्वसाधरणको जीवनदृष्टि पाउन सकिन्छ ।

हर्मी गा.वि.स. मा प्रचलित लोककथालाई उद्देश्यका आधारमा विश्लेषण गरी क्रमशः अध्ययन गर्न सकिन्छ ।

### ४.६.१ कथा सं. १ भुसको रोटी

प्रस्तुत कथाको शीर्षकले नै समय अनुसार मानिस चल्नु पर्छ र आफूलाई प्राप्त सुबिधा र वस्तुबाट सन्तुष्ट हुन सक्नु पर्छ । देश, काल र परिस्थिति अनुरूप जुक्ति र बुद्धि आर्जन गरेको हुनुपर्दछ । 'तँ आँट् ! म पुऱ्याउँछु' भन्ने उक्ति चरितार्थ हुन्छ । मित्रता अन्धो र लङ्गडाको जस्तो हुनुपर्छ ।

निष्कर्षमा भन्दा जुक्ति, बुद्धि, हिम्मतले मानिस अघि बढ्नु पर्छ भन्ने भाव यस कथामा पाइन्छ ।

### ४.६.२ कथा सं. २ लोभी हली र छट्टु मुखिनी

सम्पूर्ण कथालाई ध्यानमा राखेर हेर्दा यस कथामा बुद्धि, जुक्ति र बठ्याइँले काम सफल भएको छ । बुद्धिलाई जातले छेक्दैन । सेवा गर्दा मेवा मिल्नु पर्छ भन्ने हलीको सोचाइ देखिन्छ । पाएसम्म काम लगाउनेले कस्न खोज्छ ।

निष्कर्षमा यस लोककथामा जातीय प्रथाको विवेचना पाइन्छ ।

### ४.६.३ कथा सं. ३ काली रहको भुत

यस कथामा अलौकिक वस्तुले पनि मानिसलाई दुःख दिन्छन् भन्ने कुरालाई देखाइएको छ भने शरीरमा तागत र टाउकोमा बुद्धि भए सबै डर हट्छ भन्ने भाव देखाइएको छ । डर नै मानिसको कमजोरी हो ।

निष्कर्षमा आत्मबलले सबै काम सम्पन्न हुन्छ भन्ने सन्देश पाइन्छ ।

### ४.६.४ कथा सं. ४ राम्रो बनाएस् है

समाजमा मान्छेलाई दुःख दिएर पनि रम्ने मान्छे हुन्छन् । तिनी मौका पर्दा आफूलाई राम्रो साबित गर्न पनि पछि पर्दैनन् । यस कथाले "ढुङ्गाले हान्नेलाई फूलले हान्नुपर्छ " भन्ने भनाइलाई सार्थक पार्दछ ।

त्यस्तै समाजमा आफूले दुःख खेपेर भए पनि अरूलाई दुःख दिन हुँदैन भन्ने सन्देश यस कथाले दिएको पाइन्छ ।

### ४.६.५ कथा सं. ५ मूर्ख केटो र दोबाटोको ठिँड्को

समाजमा धेरै प्रकारका मान्छे पाइन्छन् । मानिसहरू अर्ती उपदेश धार्नीले जोखेर दिन्छन् र लिंदा तिलसँग साट्छन् । आफैले ठक्कर खाएपछि मात्र होस आउँछ । जस्तै भएपनि सन्तानको माया बाबु-आमामा भएको पाइन्छ ।

निष्कर्षमा कि पढेर जानिन्छ कि परेर जानिन्छ भन्ने हो ।

### ४.६.६ कथा सं. ६ जो पायो उहीलाई विश्वास नगर्नू

यस लोककथाले कसैमाथि शङ्का गरिन्छ भने त्यसको छिट्टै निरूपण गर्नुपर्छ । यौन मानवीय कमजोरी हो । जो कोहीसंग पनि भर पर्न र विश्वास गर्न हुँदैन भन्ने उद्देश्य यस कथामा भेट्टाउन सकिन्छ ।

निष्कर्षमा मनोरञ्जनका साथै अन्जानमै कसैलाई विश्वास गर्नु हुँदैन भन्ने शिक्षा दिनु नै यस कथाको मुख्य उद्देश्य रहेको पाइन्छ ।

### ४.६.७ कथा सं. ७ टालेको रोटी

प्रस्तुत कथामा सम्पूर्ण घटनाको केन्द्रबिन्दुलाई ध्यानमा राखेर अध्ययन गर्दा कथामा सीप, ज्ञान र बुद्धि आर्जन गर्न जातले रोक्दैन, बुद्धि प्रयोग गरेर वा जाति ढाँटेर पनि आफ्नो पक्षमा काम पार्न सकिन्छ भन्ने देखिन्छ ।

निष्कर्षमा यस लोककथामा जातीय प्रथा र संस्कारको विवेचना पाइन्छ ।

### ४.६.८ कथा सं. ८ दोत् (साथी)

यस कथामा मित्रताको भावना जाति र संस्कारभन्दा ठूलो हुन्छ, मित्रताको लागि मानिसले जस्तो पनि त्याग गर्न सक्छ, जुनसुकै जातका मानिसमा पनि धार्मिक भावना पाइनुका साथै स्वर्ग, मर्त्य, जहाँ पनि मित्रताका आवश्यकता पर्दछ भन्ने भाव रहेको छ ।

निष्कर्षमा धर्म र मित्र मानिसको लागि अपरिहार्य रहेको देखिन्छ, साथै नेपाल बहुजाति, बहुधर्म र बहुसंस्कृतिको सङ्गम स्थल हो भन्ने शिक्षा पाइन्छ ।

### ४.६.९ कथा सं. ९ बाठो अन्धो

प्रस्तुत लोककथामा बलभन्दा बुद्धि ठुलो हुन्छ, अन्धाहरू पनि दूरदर्शी हुन्छन्, कुनै अवस्थामा चतुऱ्याइँले पनि फाइदा लिन सकिन्छ भन्ने उद्देश्य यस कथामा पाइन्छ ।

निष्कर्षमा मनोरञ्जनका साथै बुद्धिमता पूर्वक काम गर्नुपर्छ भन्ने शिक्षा दिनु नै यस कथाको मुख्य उद्देश्य रहेको पाइन्छ ।

### ४.७ शैलीका आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण

शैलीका आधारमा हर्मी गा.वि.स. मा प्रचलित लोककथाको विश्लेषण गर्दा कथाको आरम्भ, अन्त्य, शीर्षकका दृष्टिकोणले, घटनाको दृष्टिले र विचारका दृष्टिले हेर्नु उपयुक्त ठहरिन्छ । यसैका आधारमा यहाँ विश्लेषण गरिन्छ ।

#### ४.७.१ कथाको आरम्भ

यस अध्ययन कार्यका लागि सङ्कलित ९ वटा कथाहरूमा धेरै पहिलेदेखि सुरु भएका कथाहरूमा कथा नं. १, २, ३, ७, ८, एकादेशमा भन्ने शब्दबाट सुरु भएका कथाहरूमा कथा नं. ६ र ९, स्थानवाची शब्द (कुनै गाउँ) बाट सुरु भएका कथाहरूमा कथा नं. ४ र ५ रहेका छन् । यसरी हेर्दा हर्मीको सेरोफेरोमा प्रचलित लोककथाहरूमा लोककथा भन्ने शैलीको सुरुवात परम्परागत मान्यतामा बिस्तारै परिवर्तन हुँदै समय सापेक्ष तथा युग सुहाँउदो प्रणालीको क्रमिक रूपमा विकास हुँदै आएको पाइन्छ ।

#### ४.७.२ कथाको अन्त्य

नेपाली समाजमा प्रचलित प्रायः सबै लोककथाहरू मनोरञ्जन दिने खालका र केही हदसम्म नैतिक शिक्षा दिने खालका हुन्छन् । त्यही अनुरूप हर्मीको परिवेशमा पाइने कथाहरू पनि उक्त विशेषताहरू रहेका छन् । कथा नं. २, ४, ७ र ९ का कथाहरूमा मनोरञ्जनात्मक शैलीमा अन्त्य भएका छन् । कथा नं. १, ३, ६ र ८ का कथाहरू नैतिकता र बुद्धिमत्तापूर्ण रूपमा टुङ्गिएका छन् भने कथा नं. ५ नैतिक उपदेश दिएर अन्त्य गरिएको छ ।

#### ४.७.३ शीर्षकको दृष्टि

प्रायः लोककथाहरू स्थानीय परिवेश र समाजको अवस्थाअनुरूप शीर्षक चयन गरिएका हुन्छन् । सोही मुताबिक हर्मीमा प्रचलित कथाहरूमा पनि चोटिला र पेचिला शीर्षकहरूको चयन भएको पाइन्छ । यसअनुसार कथा नं. २, ४, ५ र ९ विशेषणात्मक शीर्षक छन् भने अरू कथाहरू कथा नं. १, ३, ७ र ८ नाम अनुसार राखिएका छन् ।

#### ४.७.४ घटनाको दृष्टि

यस अध्ययन कार्यमा सङ्ग्रहित कथाहरूमा २० वटा घटनाहरू पाइन्छन् । सबै घटनाहरू हर्मी गा.वि.स.मा मात्र नभई संसारभरमा नै पाइने घटनाहरूसँग सम्बन्धित छन् ।

स्थानीय रूपमा देखिने विभिन्न समस्या, सामाजिक विकृति, अन्धविश्वास लगायत यस्तै घटनाहरूलाई स्थानीय स्तरकै भाषाको प्रयोग गरेर विभिन्न तरिकाबाट घटना वर्णन गर्ने कार्य भएको छ । प्रत्येक कथामा २-२ वटा घटना र कथा नं. ५ र ६ मा तीनतीनवटा घटना देखिन्छन् ।

### ४.७.५ विचारका दृष्टिले

हर्मीको परिवेशमा सङ्कलित ९ वटा कथामा भेटिएका विचारहरूको आधारमा हेर्दा निम्नप्रकारका विचारहरूको प्रस्फुटन भएको पाइन्छ । केही कथाहरूमा शब्दान्तरहरू देखिए तापनि विचार भने उस्तै पाइन्छन् । जे होस् क्रमगत रूपमा हेर्दा यहाँ सङ्कलन गरिएका कथाहरूमा निम्नलिखित विचारहरू प्रस्फुटन भएका छन्ः-

| | |
|---|---|
| १. बुद्धिसम्बन्धी | कथा नं. १, २, ५, ७ |
| २. धर्मसम्बन्धी | कथा नं. ८, ९ |
| ३. प्रेमसम्बन्धी | कथा नं. ६ |
| ४. लोकसम्बन्धी | कथा नं. १, ३ |
| ५. संस्कारसम्बन्धी | कथा नं. ४ |

## ४.८ निष्कर्ष

प्रस्तुत लोककथाहरूको विश्लेषणको आधारमा हेर्दा हर्मी गा.वि.स. मा प्रचलित लोककथाहरूलाई निष्कर्षको रूपमा प्रस्तुत गर्न सकिन्छ ।

लोककथाले लोकमानसलाई प्रशस्त मात्रामा मनोरञ्जन प्रदान गर्दछ । कुण्ड कुण्ड पानी मुण्ड मुण्ड बुद्धि भनेझैँ मनोरञ्जन लिने प्रवृत्तिका मान्छेलाई प्रशस्त मात्रामा मनोरञ्जन दिन्छ । लोककथाले अर्तिउपदेश र शिक्षा दिनेलाई पनि प्रशस्त मात्रामा शिक्षा दिन्छ । जो पायो उहीलाई विश्वास नगर्नु भन्ने लोककथाले प्रशस्त मात्रामा शिक्षा दिएको छ । लोककथाको मूल मर्म पनि यही नै हो । लोककथाले पुग्दो मात्रामा उपदेश दिन्छ । “अर्ती भनेको घर्तीको पनि मान्नु” भन्ने लोकोक्तिलाई मूर्ख केटो र दोबाटोको ठिङ्को कथामा बाबुले छोरालाई दिएको अर्ती समग्र लोककथा श्रोतालाई दिएको मान्नुपर्छ । लोककथाले विभिन्न धर्म र संस्कृतिलाई समावेश गरेको हुन्छ । यहाँ दोत् (साथी) कथामा हिन्दु र मुस्लिम बीचको सम्बन्ध देखाइएको छ । यहाँ धर्म संस्कृतिको व्याख्या राम्रोसँग

भएको पाइन्छ । सामाजिक कथालाई पनि लोककथाले आत्मसात गरेको पाइन्छ । समाजमा चलेका विकृतिको अन्त्य गर्दै सफल समाजको निर्माण गर्नु पनि लोककथाको धर्म नै हो ।

लोककथाले भाग्यलाई पनि आत्मसात् गरेको पाइन्छ । उदाहरणका लागि भाग्यमा भए अन्धो पनि एकैक्षणमा धनी बन्दो रहेछ, त्यसमा कर्म पनि उत्तिकै महत्त्वपूर्ण छ भन्ने सन्देश लोककथाले दिएको पाइन्छ । यसरी विश्लेषण गर्दा लोककथा लोकजीवनको अपरिहार्य साहित्य हो, भन्दा फरक पर्दैन ।

# पाँचौं परिच्छेद

## उपसंहार

### ५.१ उपसंहार

वाङ्मयको व्यावहारिक रूप "साहित्यमा" "लोक" थपिएको "लोकसाहित्य" को अर्थ सहरबाट धेरै टाढाको बस्ती अर्थात् दूरदराजको बस्तीमा सुख-दुःख साँचेर बाँचेको अनपढ, निरक्षर, दुःखी, गरीब जनताको हृदयबाट मुखरित कोमल भावनाको सुसेली हो भन्ने बुझिन्छ । यस्तो सुसेली जुनसुकै भाषाबाट पनि उजागर भएको हुनसक्छ । त्यसैले लोकसाहित्यमा शब्दाडम्बर, शास्त्रीयता र जटिलता नभई सरल, सहज र सुमधुर अभिव्यक्ति मिसिएको हुन्छ । लेक-बेसी, खोला-नाला, डाँडा-पाखा, खेतबारी आदिमा आफ्नो जीवनगुजारा गरिरहेका दुःखी जनताको हृदयबाट उजागर भएका यिनै सुसेलीहरूले नै आदिमताको आड लिएर वर्तमानलाई छर्लङ्ग पारेका हुन्छन् । यसैले लोकसाहित्यलाई समाजको दर्पण पनि भन्ने गरिन्छ । मानव-सभ्यताको विकाससँगै एककान दोकान मैदान हुँदै हालसम्म आइपुगेको लोकसाहित्यका रचनाकारहरू अज्ञात नै हुन्छन् । लोकलाई सकेसम्म मनोरञ्जन दिनुका साथै नेपाली-नेपालीमा भावनात्मक एकताको विकास गराउने हाम्रो कला र संस्कृतिलाई आवश्यकताअनुरूप पुष्टि र पल्लवित गराउनु पनि लोकसाहित्यको विशेषता नै हो । अझै भन्ने हो भने लोकसाहित्य हाम्रो वेद हो, जुन श्रुतिपरम्पराभित्र नै रहेर पनि संसारको मन जित्न सफल छ र समाजको विभिन्न उमेर तथा वर्गका मानिसलाई आफ्नो रुचि अनि क्षमताअनुरूप विधागत क्षमताअनुरूप विकल्प पनि प्रदान गरेको छ । यसैभित्र हाम्रो समाजको महत्त्व र गरिमा झल्केको पाइन्छ ।

लोकसाहित्यका विभिन्न विधाहरू लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखान-टुक्का र गाउँखाने कथाहरूमध्ये कुन जेठो र कुन कान्छो भनेर छुट्टाउनु भन्दा पनि कुन विधाको कति महत्त्व छ भनेर बुझ्नु जरूरी देखिन्छ । लोकसाहित्यको विविध विधाहरूको सहयोगबाट नै वेद, पुराण, महाभारत, रामायण लगायत विभिन्न ग्रन्थहरूको निर्माण भएको कुरालाई कसैले नकार्न मिल्दैन । त्यसैलाई आधार मान्दा पनि लोकसाहित्यको महत्त्व राम्ररी झल्केको पाइन्छ ।

लोकसाहित्यका विभिन्न अङ्गहरूमध्ये लोककथा पनि दोस्रो महत्त्वपूर्ण अङ्ग हो । यसको उद्भव र विकास मानवसभ्यताको विकासका चरणसँगै भएको मानिन्छ । मानवसमुदायले

आफ्नो दु:ख-सुख, हर्ष-विस्मात, क्रोध-रोदन, उकाली-ओराली आदि कुराहरू व्यक्त गर्ने र मनोरञ्जन लिनको लागि भन्दै आएका अभिव्यक्ति नै लोककथा हो र लोककथाले आफ्नो आदिमताको परिचय राम्ररी नै दिँदै आएको कुरालाई भुल्नुहुँदैन । जब मानिसले आफूले भन्न चाहेको कुरालाई व्यक्त गर्दछ, त्यसबाट लोककथाको उत्पत्ति भएको हुन सक्छ । लोककथाले लोकको सुख-दु:ख, हर्ष-विस्मात, पीर-व्यथा आदिलाई राम्ररी झल्काउने मात्र होइन, यसले मनोरञ्जनका साथै उपदेश शिक्षाको बृद्धि गराउँछ भन्ने कुरामा कसैको मत बाझिँदैन ।

गोरखा जिल्ला नेपाल अधिराज्यको पशिचमाञ्चल विकास क्षेत्र र गण्डकी अञ्चलमा पर्ने एउटा पहाडी जिल्ला हो । यो जिल्ला नेपालको इतिहासमा अति चर्चित र इतिहास, पुराण, संस्कृत तथा लोकसाहित्यमा पनि आफ्नै पहिचान भएको जिल्ला हो । विकास निर्माणमा पछाडि परेको यो जिल्ला एउटा नगरपालिकाबाहेक सबै गाउँ नै गाउँ भएको जिल्ला हुँदा ९० प्रतिशत जति मानिस खेतीपातीमा नै निर्भर छन् । गोरखा नगरपालिका बाहेक ६६ गा.वि.स. र ३ वटा निर्वाचन क्षेत्रमा विभाजित यस जिल्लाभित्र ब्राह्मण, क्षेत्रीजस्ता विभिन्न जाति जनजाति र दलितहरू पनि आदिवासीका रूपमा बसोबास गर्दै आएका छन् । यिनै जातजाति र भाषाभाषीहरूको साझा फूलवारीको रूपमा रहेको यस जिल्लाको सम्पत्तिको रूपमा यहाँ प्रयोग हुने लोककथालाई लिन सकिन्छ । यी गाउँले अनुहारको विवशता र वास्तविकतालाई खोतलेर अभिव्यक्त हुने लोककथाले यस भेगको आर्थिक, सामाजिक र सांस्कृतिक चित्रलाई राम्ररी प्रतिबिम्बित गरेका हुन्छन् । यस क्षेत्रबाट विभिन्न कारणले विदेसिएका, अध्ययन, व्यापार, र जागीरको उद्देश्य लिएर सहर पसेका व्यक्तिहरूको बिछोडको वेदना र कृषिकर्मको थकावटलाई केही समय भने पनि बिर्सने आधार पनि लोककथा नै हो । फुर्सदको क्षणमा शीतलमा बसेर गाई, बाखा चराउन जाँदा गोठालाहरू एक ठाउँमा जम्मा भएर र साँझमा केटाकेटी, बूढाबूढी तथा युवायुवती भेला हुँदा टारी खेतको कुलोमा पानी कुर्दा पनि लोककथा भनेर समय बिताउने परम्परा आझैसम्म रहेको पाइन्छ । खेताला, गोठाला र युवायुवतीको मनोरञ्जनकै रूपमा चर्चित यो अत्यन्त लोकप्रिय विधा हो । यस जिल्लामा प्रचलित लोककथाले गोरखाली जनजीवनभित्रको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, भाषिक तथा भौगोलिक परिवेशले अन्य जिल्लासँग दाँजेर तुलनात्मक अध्ययन गर्न सघाउँछ ।

यहाँ प्रचलित कथाहरू कथावस्तुका आधारमा, अभिप्रायका आधारमा, पात्रका आधारमा, वातावरण, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

अध्ययन प्रस्तावमा नै अध्ययनको शीर्षक **हर्मी गाउँ विकास समितिमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण** राखिएको छ । त्यसपछि हर्मी गा.वि.स.को परिचय अर्न्तगत यहाँको धार्मिक, ऐतिहासिक, पौराणिक र सांस्कृतिक परिचय, हर्मी गा.वि.स.को नामकरण, सिमाना, हावापानी, प्रसिद्ध ठाउँहरू, सामाजिक जनजीवन, भाषा र शैक्षिक अवस्थालाई पनि सङ्क्षेपमा चर्चा गरिएको छ । लोकसाहित्यको परिचय र विधा वर्गीकरण, परिचय र परिभाषा, लोककथा र लिखितकथा, अन्य आख्यान विधासँगको सम्बन्ध उत्पत्ति, विशेषताहरू, तत्त्वहरू र अध्ययनपरम्परा पनि प्रस्तुत गरिएको छ । त्यसपछि हर्मी गा.वि.स.मा प्रचलित लोककथाहरू खोजतलास गर्दै विभिन्न तत्त्वको आधारमा वर्गीकरण गरिएको छ । अन्त्यमा हर्मी गा.वि.स.मा प्रचलित लोककथाहरू विभिन्न शैलीमा वर्गीकरण, विषयगत आधारमा गरिएको वर्गीकरण हो भन्ने निष्कर्षमा पुग्ने कार्य भएको छ ।

## ५.२ पहिलो, दोस्रो, तेस्रो र चौथो परिच्छेदको सारांश

यस अध्ययनपत्रको पहिलो परिच्छेदमा अध्ययन परिचय प्रस्तुत गरिएको छ । लोककथा नेपाली लोकसाहित्यको एउटा प्रमुख विधा हो । उक्त कुरालाई मध्यनजर गरी प्रस्तुत अध्ययनपत्रको दोस्रो परिच्छेदमा लोकसाहित्यको परिचय र विधिगत वर्गीकरण, परिचय, परिभाषा, लोककथा र आधुनिककथा, अन्य आख्यान विधासँगको सम्बन्ध उत्पत्ति, विशेषता, तत्त्व, अध्ययन परम्परा छ । लोककथाजस्तो अभिव्यक्तिले समाजमा सम्पूर्णवर्गलाई मनोरञ्जन, शिक्षा र उपदेश दिने हुनाले यसको विषयगत वर्गीकरणमा ज्यादा जोड दिइएको छ ।

यस अध्ययनपत्रको तेस्रो परिच्छेदमा हर्मी गा.वि.स.को परिचय दिने क्रममा हर्मी गा.वि.स.को पृष्ठभूमिको उल्लेख गर्दै नामकरणको प्रसङ्गमा धार्मिक तथा ऐतिहासिक घटना विवरण दिँदै भौगोलिक अवस्थिति र साँध-सिमाना, राजनैतिक विभाजन र जनसङ्ख्याको स्थिति, धर्म, जाति र भाषाका बारेमा पाइएका तथ्याङ्क तथा टिप्पणी, हावापानी, प्रसिद्ध ठाउँहरू, सामाजिक जनजीवनमा पाइने विविधता, शिक्षा र स्वास्थ्यको अवस्थाको बारेमा जानकारी दिइएको छ । यी विभिन्न पक्षको वर्णनबाट गोरखा जिल्ला ऐतिहासिक, धार्मिक र पौराणिक दृष्टिकोणले महत्त्वपूर्ण मानिने पहाडी जिल्ला हो भन्ने कुरा छर्लङ्ग हुन्छ ।

यस अध्ययनपत्रको चौथो परिच्छेदमा हर्मी गा.वि.स.मा पाइने लोककथालाई लोककथा तत्त्वका आधारमा अध्ययनशीर्षकको उद्देश्यअनुरूप विश्लेषण गरिएको छ । हर्मी गा.वि.स.मा प्रचलित लोककथाभित्र देखिने समाजका विभिन्न पक्षको चित्रण, लोककथामा देखिने वर्गीय भिन्नता आदि पक्षको विश्लेषण गरिएको छ ।

## ५.३ समग्र निष्कर्ष

“लोक” जनसमूह वाचक शब्द हो, जुन परिष्कार, सभ्यता शिक्षा आदिको कृत्रिमताले रहित आदिम मनोवृत्तिमा आधारित रहन्छ । यस अवस्थामा जति पनि निरक्षर समूह छन्, तिनको आशा-निराशा, हर्ष-विषाद, जीवन-मरण, लाभ-हानि, सुख-दुःख, आँसु-हाँसो, इष्ट-अनिष्ट आदि सिङ्गो ध्वनि जुन साहित्यमा पाइन्छ, त्यही नै लोकसाहित्य हो ।

लोककथा, गाउँखाने कथा र उखान-टुक्का, लोकनाटकको दृश्यात्मकताभन्दा कथनात्मक, लोकगीतको भावनात्मकताभन्दा वस्तुपरक विधिका रूपमा चिनिएको छ । गद्यात्मकता र वर्णनात्मकता हुनु कथाको मूल स्वरूप हो ।

लोककथाभित्र लोकमानस र अभिप्राय केन्द्रीय रूपमा रहन्छ भने कथानक र चरित्र आदि परिधीय रूपमा रहन्छन्, जसले लोककथाको स्वरूप निर्माण गर्छन् । आधुनिक कथामा भने घटना र चरित्र केन्द्रमा तथा लोकतत्त्व परिधिमा रहन्छन् । यही असमान पक्ष भएकोले दुवै भिन्न विधाका रूपमा चिनिन पुगेका हुन् ।

लोककथा अवैयक्तिक र श्रुतिकथन परम्परामा आधारित हुन्छ । यसमा एकातिर व्यापक संस्कृति अटेको हुन्छ भने अर्कोतिर मानवको स्वाभाविकता यसका परिचायक तत्त्व हुन्छन् । लौकिक, अलौकिक, मानवीय एवं मानवेतर पात्रलाई समावेश गरी घटनालाई कौतूहलपूर्ण बनाई प्रस्तुत गर्नु लोककथाको आफ्नोपन हो । यो संयोगमा टुङ्गिन्छ, त्यस सन्दर्भमा सत्ले असत्लाई परास्त पार्छ । यसरी सत्यको जीत हुने शिक्षा दिँदै लोककथाले मङ्गलको कामना गरेको हुन्छ ।

लोककथा वर्गीकरणमा विद्वान्हरूको एकमत पाइँदैन । प्रायः सबै वर्गीकरण अपूर्ण वा अधूरा छन् । त्यसैले **हर्मी गाउँ विकास समितिमा प्रचलित लोकथाको सङ्कलन, वर्गीकरण र विश्लेषण** नामक यस अध्ययनपत्रमा सङ्कलित लोककथालाई विभिन्न भागमा वर्गीकरण गरी अध्ययन गरिएको छ ।

अलौकिक लोककथामा लोकमा नभएको स्वर्ग-नरक आदि स्थान र त्यस वरपर पाइने दृश्यलाई कथामा स्थान दिदैं रचना गरिएको लोककथालाई अतिरञ्जित लोककथा भनिन्छ, जुन स्थान लौकिक मानिसले देखेका हुँदैनन्, खालि कल्पना मात्र गरेका हुन्छन् । त्यस्ता कथाहरू उपदेशात्मक हुन्छन् र कौशलतापूर्वक व्याख्या गरिएका हुन्छन् । लोककथामा शौर्य र बहादुरीपूर्ण काम गरेको र त्यस्ता कामलाई सफलतापूर्वक अन्त्य गरेको पाइन्छ । लोककथाले मानवलाई रोचकता प्रदान गर्दछ । लोककथामा प्राणी र जीवजन्तु आदिको समावेश गराइएको हुन्छ, जसले लोककथालाई अझ सुमधुर बनाएको हुन्छ । सामाजिक धरातलमा नै लोककथा वाचक रहने हुनाले लोककथामा सामाजिक परिवेशमा देखिने वस्तु र परिवेश देखापर्नु स्वाभाविक हो । धार्मिक रूपमा पनि लोककथालाई स्थान दिइएको हुनाले पुराण आदिको विषयवस्तुलाई अँगालेर पनि लोककथा व्यक्त गरिएको हुन्छ । कृषिकर्ममा लाग्ने हाम्रो समाज भएको हुनाले कृषिसम्बधी लोककथा पनि समावेश गरिएको हुन्छ ।

हाम्रो देश विविध संस्कृतिमा रम्ने हुनाले हाम्रो परापूर्व कालदेखि चलिआएको संस्कृतिलाई पनि लोककथामा समावेश गरिएको छ । हाम्रो संस्कृति हाम्रो साहित्यको धरोहर भएको हुनाले संस्कृतिसम्बधी लोकसाहित्य थुप्रै पाइन्छ । त्यसैले लोकसाहित्यको अध्ययन गर्दा फरक-फरक प्रकारका लोकसाहित्य हाम्रो लोकजीवनमा जीवन्त भएर रहेका पाइन्छन् ।

हर्मी गा.वि.स. मा प्रचलित लोककथाले यहाँको सांस्कृतिक, सामाजिक, उपदेशात्मक, अलौकिक जस्ता विषयलाई व्यापक रूपमा प्रस्तुत गरेका छन् । यस्तै त्यहाँका कथाद्वारा विभिन्न जातिको स्वभाव, संस्कृति र रीतिरिवाजलाई पनि प्रस्ट्याउन खोजेका छन् । सङ्कलित लोककथाहरूको अध्ययन गर्दा त्यहाँको जनताका आशा र निराशाका साथै तिनीहरूको मनोविज्ञानको समेत अभिव्यञ्जना भएको छ । यसरी हेर्दा त्यहाँको समाजलाई राम्रो-नराम्रो, असल-खराब, ठीक-बेठीक आदिको निर्देशन कथाको माध्यमबाट नै कलात्मक ढङगले दिइएको पाइन्छ ।

हर्मी गा.वि.स.मा सङ्कलित नौवटा कथाहरूमध्ये पाँचवटा कथाहरू धेरै पहिले भन्ने शब्दबाट सुरु भइको छ भने दुईओटा कथाहरू स्थानवाची शब्द वा कुनै गाउँको नाम दिएर सुरु गएिको छ । दुईओटा कथाहरू एकादेशबाट भन्ने शब्दबाट सुरु गरिएको छ । प्रायः कथाहरू सकारात्मक वा सुखान्तमा टुङ्गिएको पाइन्छ ।

हर्मी गा. वि.स. मा सङ्कलित ९ ओटा लोककथामा पाइने विचारहरूको अध्ययन गर्दा बुद्धि, धर्म, भाग्य, सत्य, लोभ, चरित्र र प्रेमजस्ता सामाजिक भावनाका विचारहरू विभिन्न कथामा शब्दान्तरले पुनरावृत्ति भएका छन् । वातावरणको परिवेशलाई हेर्दा यी ९ कथामा हर्मी गा.वि.स. को पूरै वातावरणलाई समेटेको पाइन्छ । सांस्कृतिक सामाजिक लौकिक अलौकिक वातावरणको प्रबलता छ भनी पुष्टि गर्न सकिन्छ ।

हर्मी गा.वि.स. को लोककथाहरूको शैलीपरक अध्ययन गर्दा अधिकांश कथामा झैं एउटा शब्दसँग स्थानवाची, देव, व्यक्ति, मानवेतर प्राणी आदिको नाम प्रयोग भएको छ । श्रोताहरूलाई अत्यन्त प्रभाव दिने शैलीलाई हेर्दा अधिकांश कथामा सुखानुभूति दिने शैली पाउन सकिन्छ । दुःखानुभूतिका सन्दर्भमा पनि श्रोताको भावनात्मक परिष्कार गर्ने उद्देश्य मान्न सकिन्छ । अर्को शब्दमा भन्दा श्रोताले अत्यधिक शिक्षा वा प्रभाव लिन सक्ने प्रसङ्गमा पनि वर्णनको पद्धति अङ्गालिएको छ ।

कथामा निम्नलिखित किसिमका विचारहरू उद्देश्यका आधार पाइएका छन् :

**क) बुद्धिसम्बन्धी**

१. देश, काल र परिस्थिति अनुरूप धन र विद्या दुबै हुनुपर्छ ।

२. शिक्षा ज्ञान र बुद्धि आर्जन गर्न जातिगत प्रथाले छेक्दैन ।

३. अनुहारभन्दा गुणको कदर गर्नुपर्छ ।

४. यौन मानवीय कमजोरी हो ।

५. एकता नै बल हो ।

६. ढाँटेको कुरा काटे मिल्दैन ।

७. संसारमा अरूलाई दुःख दिने मात्र होइन, सहयोगी पनि हुन्छन् ।

**ख) धर्मसम्बन्धी**

१. सेवाग्राही क्षेत्रमा रहेको जोसुकैले पनि समयको गतिसँग एक दिन इज्जत पाउँछ ।

२. खराब काम गर्नेहरूलाई आफ्नो कुकार्यप्रति बढी डर हुन्छ ।

३. पतिपत्नीमा झगडा भए अनिष्ट हुन्छ ।

४. बूढापाका परम्परावादी हुन्छन् ।

**ग) भाग्यसम्बन्धी**

१. अन्धाहरू दूरदर्शी हुन्छन् ।

२. समयले मानिसलाई बलवान् बनाउँछ ।

३. आफ्नो ढिपी नछोड्ने प्रवृत्ति राम्रो होइन ।

४. शिक्षाले मानिसलाई सचेत बनाउँछ ।

५. यौन मानवीय कमजोरी हो ।

यसरी हेर्दा हर्मी गा.वि.स.मा प्रचलित लोककथामा मनोरञ्जन नै साझा उद्देश्य देखिन्छ तापनि लोकमानस वा लोकसंस्कृतिलाई टिप्ने क्रममा उपर्युक्त प्रकारका विचारहरू पनि उद्देश्यका रूपमा रहेका पाइन्छन् ।

# सन्दर्भग्रन्थ सूची

**क) पुस्तकसूची**


१. उपाध्याय, कृष्णदेव, **लोकसाहित्यकी भूमिका,** इलाहवाद : साहित्य भवन प्रा. लि., ई. १९९२ ।

२. उप्रेती, कुन्दनलाल, **लोकसाहित्यके प्रतिमान,** अलीगढ : भारत प्रकाशन मन्दिर, ई. १९८० ।

३. खनाल, नारायणप्रसाद, **गोरखाको डायरी,** वि.सं.

४. गिरी, जीवेन्द्रदेव, **लोकसाहित्यको अवलोकन,** काठमाडौं : एकता प्रकाशन, २०५६ ।

५. जोशी, सत्यमोहन, **हाम्रो लोकसंस्कृति,** दिल्ली : अभिनव प्रकाशन, ई. १९७५ ।

६. थापा, धर्मराज र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौं : पा.वि.के., २०४० ।

७. थापा, मोहनहिंमाशु, **साहित्य परिचय,** ललितपुर : साझाप्रकाशन, २०३६।

८. दिवस, तुलसी, **नेपाली लोककथा केही अध्ययन,** ललितपुर : साझाप्रकाशन, २०३३ ।

९. देवकोटा, लक्ष्मीप्रसाद, **लक्ष्मी निवन्ध संग्रह,** ललितपुर :२०४० ।

१०. पराजुली, ठाकुरप्रसाद, **नेपाली साहित्यको परिक्रमा,** काठमाडौं : वाणी प्रकाशन, २०४४ ।

११. पराजुली, मोतीलाल, **नेपाली लोकगाथा,** पोखरा : श्रीमती तारादेवी पराजुली, २०४९ ।

१२. पोखरेल, बालकृष्ण, **नेपाली बृहत्शब्दकोश,** काठमाडौं : ने.रा.प्र.प्र., २०४० ।

१३. बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य,** काठमाडौं : एकता बुक्स, २०५८ ।

१४. वामन, शिवराम आप्टे, **संस्कृत हिन्दी शब्दकोश,** वाराणसी : ई. १९६९ ।

१५. शर्मा, वसन्तकुमार, (चौ.सं.) **नेपाली शब्दसागर,** काठमाडौं : भाभा प्रकाशन, २०६२ ।

१६. श्रेष्ठ, दयाराम, **प्रारम्भिककालको नेपाली इतिहास र परम्परा,** काठमाडौं : पा.वि.के., त्रि.वि. २०३८ ।

**ख) पत्रिकासूची**

१. अधिकारी, रविलाल, *नेपाली लोकछन्दका विषयमा,* **गरिमा**, (पूर्णाङ्क ८५, २०४६)

२. अधिकारी, सागरप्रसाद, *मनकामना महिमा,* **गोरखा,** २०५६, पृ.१७.

३. ओझा, मदन, *संगिनी गीतअन्तर्गत नेपाली र गोरखाली बाजाहरूको समीक्षा,* **हाम्रो संस्कृति-१,** पृ.१२१-१३६।

४. कन्दङ्वा, काजीमान, *डाँफेचरी,* २०१०, पृ. २३ ।

५. पराजुली, कृष्णप्रसाद, *लोकगीत परम्परा,* **सुनकोसी-१**, २०५१

६. यात्री, पूर्णप्रसाद नेपाल, *नेपाली* लोकसाहित्य*को अध्ययन,* **गरिमा**, (वर्ष १६, पूर्णाङ्क १०, २०५५, पृ. ६८-७६) ।

७. सुवेदी, हंसपुरे र धर्मराज थापा, *कूट रचना सङ्क्षिप्त चर्चा,* प्रज्ञा, पूर्णाङ्क ८६, २०५४ ।

**ग) स्थानीय पत्रिकासूची**

१. **आवधिक जिल्ला विकास योजना**, गोरखा, २०६१-२०६५ ।

२. **एकता** पाक्षिकका विभिन्न अङ्कहरू ।

३. **गोरखा उद्योग वाणिज्यसंघका मखपत्रहरू**, २०५५ देखि हालसम्म ।

४. **चिहान** मासिक ।

५. **दरौंदी** पाक्षिकका विभिन्न अङ्कहरू ।

६. **निखिल गोरखवाणी,** प्रचार संघ, गोरखवाणी अङ्क २०५९, पृष्ठ ३९ ।

७. **फूलको डोली** कथा विशेषाङ्क २०६२ ।

८. **हर्मी डायरी** २०६५ ।

## परिशिष्ट क

## हर्मी गा.वि.स.मा प्रचलित लोककथाको सङ्कलन

प्रस्तुत पारिशिष्ट भागमा हर्मी गा.वि.स.मा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण शीर्षकको यो अध्ययनपत्र तयार गर्ने क्रममा सङ्कलित गरिएका ९ वटा लोककथाहरू सङ्कलन गरी सुरक्षित गरिएको छ । यस क्रममा हर्मी गा.वि.स.का लोककथा वाचकले लोककथा जसरी व्यक्त गरे, त्यही अनुसार यहाँ लिपिबद्ध गर्ने काम गरिएको छ ।

ती लोककथाहरू यसप्रकार छन् -

**कथा नं. १**

**भुसको रोटी**

धेरै पहिलाको कुरा हो । कालढुङ्गे भन्ने गाउँमा एउटा आँखा नदेख्ने मान्छे थियो तर गाउँलेहरू त्यसलाई नेत्रबहादुर भन्ने गर्दथे । त्यही गाउँको अर्को व्यक्ति लङ्गडो थियो तर गाउँलेहरू उसलाई हलीतिग्रे नामले चिन्दथे । एउटै गाउँमा बस्ने भएकाले ती दुबै कमजोर व्यक्तिहरू बीच एक आपसमा चिनजान र मिलेमतो खुबै थियो । दुबै शारीरिक रूपले कमजोर भएकाले घरगाउँमा हेला भएर बाँच्नु परेको थियो ।

एकदिन दुबै भेट भएर सुखदुःखका कुरा गरे । यस जीवनमा दुःख पाइयो । त्यसैले धर्म गर्न घर छोडेर जाने निर्णय गरे । विचरा खर्च कसरी जोहो गर्ने ? दुबैले घरबाट मसिनो भुसको ढुटो लैजाने निधो गरे । एक एक पोका ढुटो लिएर दुबै बेँसीको चौतारीमा भेट भए । लामो यात्रा कसरी गर्ने ? जुक्ति निस्किहाल्यो । नेत्रबहादुर बलियो भएकोले हलीतिग्रेलाई बोक्ने । हलीतिग्रेले आँखा देख्ने भएकोले बाटो देखाउने । दुबै बाटो लागे । साँझ पऱ्यो । उनीहरू घनघोर जङ्गलको बीचमा पुगे । संयोगले एक घर देखे । उनीहरू भित्र पसे । घरभित्र धेरै चिज थियो तर मान्छे भने कोही पनि थिएनन् ।

घरभित्र पसेर हलीतिग्रेले ढोका लगायो र भुसको रोटी हाल्यो । रोटी आगोको भुङ्ग्रो (आगोको कोइला) मा सेकायो । त्यही समयमा हा-हा र हु-हु गर्दै राक्षस आइपुगे र ढोका ढकढक्याउन लागे । ढोका खोल् ! राक्षसको घरमा बस्ने को हो ? घरभित्रका ती दुबै नेत्रबहादुर र हलीतिग्रे डरले थरथर भए । अब मरिने भो भन्ने ठानेर एकै स्वरमा भने हामी राक्षस खाने भाक्षस हौं । राक्षसहरू डरले थरथर भए । राक्षस खाने भाक्षस कस्तो हुँदो रहेछ भनी हेर्न केही राक्षस घरको छानोमा चढी खरको छाना (सुकेको घाँस) खोतलेर हेर्न लागे । राक्षसको आवाज केही नसुनी उनीहरू (राक्षसहरू) भागेछन् भन्ने ठानी भुसको रोटी खाने विचार गरेछन् । हलीतिग्रेले नेत्रबहादुरलाई सोधेछ, “तिमी तलको खान्छौ कि माथिको ?”

भित्रको यस्तो आवाज सुनेर राक्षसहरू आँगनका र छानोका दुबैलाई परेछ, "कतै हामीलाई भनेका त होइनन् ?" अनि छानाका राक्षसहरू माथिको खान्छु भनेको सुन्दा आफैलाई खान आँटेको भन्ने सम्झदै भाग् राक्षस भाग् भन्दै छानाबाट हाम्फालेर भागेछन् । यसरी ती अन्धा र लङ्गडाले भुसको रोटी खाई आनन्दसँग राक्षसको ओछ्यानमा सुती रात कटाएछन् र आफ्नो गन्तव्यतर्फ लागेछन् ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा वैकुण्ठ जाला
भन्ने वेला मुखमा आइजाला

लोककथा वाचक
इन्द्रकुमारी अधिकारी
वर्ष ६२
हर्मी - ८, गोरखा

**कथा नं. २**

## लोभी हली र छट्टु मुखिनी

उहिलेको कुरा हो । हर्मी भञ्ज्याङमा एक धनी ब्राह्मण बस्दथे । ब्राह्मणले आफ्नो घर-गृहस्थी चलाउन नोकर हली र गोठाला समेत राखेका थिए । ब्राह्मणकी श्रीमती राधा ज्यादै चलाख थिइन् । घरमा उनकै (राधा, मुखिनी) हैकम चल्दथ्यो । ब्राह्मण सप्ताह, पुराण आदि पुरेत्याइँ गर्न गा.वि.स. मात्र नभई यत्रतत्र पनि जाने गर्दथे । केटाकेटी आफ्नै सुरमा हुन्थे ।

खेतबारीमा काम गरेको बेलामा हली पनि ब्राह्मणको घरमा नै बस्ने गर्दथ्यो । बेलुका ब्राह्मण रामायण, महाभारत आदि विषयका सिलोक भन्दथे । चलाख ब्राह्मणी लेखपढ नगरेको भए तापनि ध्यान दिएर आनन्द मानी सुन्दथिन् । घरबाहिर बसेर हली (सेते सार्की) पनि ब्राह्मणको सिलोक सुन्ने गर्दथ्यो । ती दुबै मौका पर्दा आफ्नो चातुर्य देखाउने गर्दथे ।

हिउँदको दिन थियो । खेतको बाँझो जोत्ने बेला थियो । ब्राह्मण सप्ताहका लागि अन्यत्रै गएका थिए । मुखिनी घरभित्र खाना पकाउँदै थिइन् । हली (सेते सार्की) हलो-फालो (खनजोत गर्ने सामान तयारी) गर्न बिहानै मुखियाको घरमा आई घर-बाहिर काम गरिरहेको

थियो । हलीले मनमनै विचार गऱ्यो, "आज ब्राह्मण छैनन् । मुखिनीलाई जुक्ति लगाई मीठो भात मात्रै खान पऱ्यो" भन्ने विचार गऱ्यो । हली भए पनि ब्राह्मणको सङ्गतले निकै उखानटुक्का जानेको थियो । मौका पर्दा ऊ आफै पण्डित हुँ भैँ गर्दथ्यो । बेला-मौकामा यस्तै टुक्का मिलाई मुखिनीसँग मानो मुठी, मीठो, मसिनो फुत्काउने काम गर्दथ्यो । आज पनि त्यस्तै गीत भन्दै मसिनो दाल-भात खाने विचार गऱ्यो ।

खाना खाने बेला भयो । मुखिनीले पानी ल्याएर बाहिर हलीलाई दिइन् र भित्र पसी खाना पस्किन लागिन् । हात धोएर लोभी हलीले ढोकाबाट भित्र हेर्दै भन्न लाग्यो -

*ढिंडो धेरै नहाल मुखिनी*
*ढिंडो खाए ज्यू मात्रै रूखिनी*

हलीको यस्तो टुक्का सुनेर मुखिनीलाई रिस पनि उठ्यो र तत्कालै जबाफ दिने विचार पनि आयो । उनले जबाफ पनि दिइहालिन् -

*खाने नै भए खा गौँ का पाङ्ग्रा*
*खान पाएर मातेको चोर चाङ्ग्रा*

यसरी छट्टु मुखिनीले लोभी हलीलाई तह लगाइन् रे ! पछि ब्राह्मण फर्केर यी टुक्का सुनेर आफ्नी पत्नीको चलाखीपन देखी मख्ख परे रे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा वैकुण्ठ जाला
भन्ने वेला मुखमा आइजाला

लोककथा वाचक
पीताम्बर मरहट्टा
वर्ष ६६
हर्मी - ६, चिउरीबोट, गोरखा

**कथा नं. ३**

**काली रहको भुत**

धेरै वर्ष अघिको कुरा हो । तर्के वनको छेउमा खारखोलो बग्ने गर्दथ्यो । खोलामा गहिरा ठूला रहहरू थिए । त्यस्ता रहमा काली रह ज्यादै डरलाग्दो थियो रे । दिउँसै पनि त्यस रहको किनारमा मान्छेहरू जान डराउँथे रे । गाउँलेहरूले त्यस रहमा भुत बस्छ भन्थे । बूढापाकाहरू कति पटक भुत रहमा पसेर बिलाएको देखेका थियौँ भन्थे । रात परेपछि गाउँमा आएर त्यस भुतले तर्साउने दुःख दिने गर्दथ्यो ।

जब साँझ पर्दथ्यो, किसानहरू खानपान गरी सुत्ने तरर्खरमा लाग्थे अनि भुत गाउँमा पस्थ्यो र भन्ने गर्थ्यो "ए वा ! ए आमा ! म के खाँऊ ? कहाँ बसूँ ?" गाउँलेहरू डराएर चूपचाप ढोका थुनेर घरभित्र पस्दथे । सासै नफेरेझैं बस्दथे । भोलिपल्ट बिहान गाउँमा एक न एक वस्तु बिग्रिएको वा कुनै पशुवस्तु बिरामी परेको हुन्थ्यो । गाँउलेहरू धुपधुवाँर गर्दै भुतलाई मन्साउने गर्दथे ।

समय यसरी नै चल्दै थियो । गाउँका बलियाबाङ्गा उमेर पुगेका ठिटाहरू भेला भएर भुतलाई तह लगाउने विचार गरे । के र कसरी भन्ने छलफल गर्दा गर्दै उनीहरू एउटा निष्कर्षमा पुगे । जब राती भुत के खाऊँ ? कहाँ बसूँ ? भन्दै आउँछ तब तातो ओदानमा बस भन्दै तातो ओदान आँगनमा राखिदिने अनि लाठै लाठोले ठोक्ने भन्ने योजना बनाए । साँझ पर्नुभन्दा अगाबै सबै एक घरमा जम्मा भएर बस्ने मतो मिलाए ।

साँझ पर्नुभन्दा अगाबै सबै मिलेर ओदान तताए । साँझमा भुत कहाँ बसुँ भन्दै आयो । ठिटाहरूले तातो ओदान आँगनमा राखे र यहीँ बस भनेर देखाए । एउटा छाँया जस्तो आएर ओदानमा के बसेको मात्र थियो, भुतको पुठो बेस्सरी पोल्यो । पुठो पोलेपछि त्यो भुत एक तलको वाचा अब यो गाउँमा आउन्न, दुई तलको वाचा अब यो गाउँमा आउन्न एवं क्रमले सात तलको वाचा अब यो गाउँमा आउन्न भन्दै कुलेलाम ठोक्यो । भोलिपल्टदेखि त्यो काली रहको भुत कहिल्यै गाउँमा आएन । हिजोआज पनि कहिलेकाँही काली रहको छेऊछाउमा देखा पर्दै छ रे !

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा वैकुण्ठ जाला
भन्ने वेला मुखमा आइजाला

लोकथा वाचक
विष्णुहरि ढकाल
वर्ष ४०
हर्मी-९, गोरखा

## कथा नं. ४

## राम्रो बनाएस् है

बयापानी भन्ने गाउँमा एउटा बूढाका बाबु र छोरा बस्थे । ती बाबुछोरालाई गाउँ टोललगायत सबैले हुनसम्मको फटाहा, बैगुनी र बैरीका रूपमा चिन्ने गर्थे । उनीहरूको काम-धन्दा अरूलाई पीडा दिएर असजिलो अवस्था सृजना गराइदिएर चलेको थियो । अरूलाई दुःख दिनु उनीहरूको नियत नै बनेको थियो । त्यसैले उनीहरू त्यसैमा सुखी र आनन्दी थिए । उनीहरूले गाउँलेलाई दुःख दिन्थे । मरेको लास सम्बन्धितको घरको पिँडीमा ल्याएर राखिदिन्थे । गाउँ, घर, टोल, छिमेकमा जति मान्छे मर्दथे, उनीहरूलाई दुःख दिएर रमाउने बाबुछोरा चाहिँ घाटमा सेलाएको लासलाई के कसरी जसको घरमा घटना घटेको हो उही, घरमा नै ल्याएर राखिदिने भन्ने प्रपञ्च मिलाउन तल्लीन रहन्थे । सोही रातमा नै रातारात गरेर बाबुछोरा मिली त्यस लासलाई घरको मूल पिंढीमा ल्याएर राखिदिन्थे र भोलिपल्टको रमिता हेर्न उत्सुक हुन्थे । गाउँलेहरू यस्तो व्यवहारले आजित भएका थिए ।

रहँदा-बस्दा बाबुछोरामध्ये बाबु चाहिँ निकै बूढो भइसकेको थियो । आफूले गरिआएको काम धन्दा छोड्नु हुँदैन तर अलि फरक ढङ्गले अरूलाई दुःख दिनु पर्छ भनेर छोरालाई सिकाउँदै गएको थियो । कालले त कसैलाई पनि छोड्दैन । एकदिन बूढो मऱ्यो । बूढाले मर्ने बेलामा पनि भनेको थियो रे, “बाबु ! मैले मरेको लास ल्याएर सम्बन्धित घरको मूल दैलोमा राखिदिएँ र हुनसम्मको दुःख टोल-छिमेकलाई दिएँ । मेरो यो कामले गर्दा सबैले मलाई बेबकुफ बनाएका छन् । मेरो शेषपछि आफ्नो चलिआएको पेसा पनि नछाड्नू र बाबु ! मलाई राम्रो थियो भन्ने पनि बनाउनू ।” बूढाले भनेको कुरा छोराले निकै मनन गऱ्यो र आफूले गरिआएको धन्दा पनि छोडेन । बाबुचाहिंले घाटमा सेलाएको लास सिङ्गै घरमा ल्याएर राखिदिन्थ्यो । छोराले चाहिं मरेको लासलाई रातभरि लगाएर टुक्रा-टुक्रा पार्दथ्यो र सम्बन्धितको घर आँगन लगायत पिंढी र करेसा सबै ठाँउमा छरेर तितरबितर पार्दथ्यो ! घरका जहान उठेर बदमासलाई गाली गर्दै हाडखोड बटुल्थे र फेरि अन्त्येष्टि गर्दथे ।

गाउँलेहरूले धेरै दुःख झेलेपछि आजित भएर भन्न थाले-छोरो भन्दा त बाबु नै बेस थियो । बाबु चाहिँले सिङ्गो लास ल्याएर घरको मूल पिँढीमा लडाउँथ्यो, फाल्न सजिलो थियो । छोरो चाहिँले लासलाई टुक्रा-टुक्रा पारेर घरवरिपरि छरिदिन्छ, फाल्न गाह्रो भयो ।

यसरी बदनामी कमाएको आफ्नो बाबुलाई छोरोले बाबुकै उपदेशअनुरूप राम्रो बनाएको थियो रे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा वैकुण्ठ जाला
भन्ने वेला मुखमा आइजाला

लोककथा वाचक
कृष्णप्रसाद पोखरेल 'व्यथित'
वर्ष २३
हर्मी-४, निभारे
गोरखा

## कथा नं. ५

## मूर्ख केटो र दोबाटोको ठिँड्को

गाउँमा एउटा किसानका बूढाबूढी थिए । उनीहरूको एउटा छोरो पनि थियो । गाउँले जनजीवनमा दुःखजिलो गरेर जेनतेन उनीहरूको गुजारा चलेकै थियो । बर्षा लाग्यो । खेतीपातीको कामले गर्दा बूढाबूढीलाई बूढो हाड खियाउनु पर्ने नै भयो । भएको एउटा छोरो पनि बेकम्मा भएको थियो । गर्न हुँदैन भन्ने कुनै पनि कुरा नगरी छाड्दैनथ्यो । छोराको यस्तो उरन्ठेउलोपन देखेर बूढाबूढी निकै चिन्तित थिए । बारम्बार दैवलाई पुकार्थे, छोरासँग गुनासो गर्थे तैपनि छोरो टसको मस थिएन । आफ्नो सुर छोड्दैनथ्यो । उल्टो बूढाबूढी बाबुआमालाई ठूलो स्वरले हकार्दथ्यो । एक दिन बूढा हलोजुवा बोकेर गोरु धपाउँदै खेत जोत्न भनी एकाबिहानै बेसी झरे । यता बूढीले बूढाको लागि झिनियाँ चामल र घ्यू हालेर ताहीमा पकाइन् । रातो रुमालको पोको पारेर छोरालाई बेसी बाबुलाई पुऱ्याउन अह्राइन् । पहिले छोराले मानेको थिएन । बूढी आमाले निकै कर गरेर सम्झाएपछि छोरो बेसी जान तम्सियो । खाजाको पोको बोकेर छोरो बाटो लाग्यो तर उसको घरको कुकुर पनि पछि लाग्न थाल्यो । ठिटो गाउँभन्दा निकै तल पुग्यो । दोबाटोमा बदमास मान्छेहरूलाई सजाय दिन भनी काठको एउटा ठिँड्को राखिएको थियो ।

बूढोको छोरोजस्तै अर्को छट्टु केटो पनि त्यहीँ थियो । बूढाको छोराले यसले कसरी सजाय दिन्छ भनी त्यो दोबाटोको केटालाई सोध्यो । दोबाटोको केटाले ठिँड्को खोल्यो र केटालाई ठिँड्कोमा राखी ठेडी कसिदियो, अनि आफू चाहिँ बाटो लाग्यो । विचरा ठिड्कोमा परेको केटो उठ्न सकेन, ऊ रुदै ठिँड्कोमा परिरह्यो ।

बेसीमा बूढा भोकले लखतरान भएर भुतभुताउँदै गोरु फोएर उकालो लागे । दोबाटोमा आइपुगेपछि आफ्नो बदमास छोरो ठिँड्कामा परेको देखे । छोराले रुँदै आफू ठिँड्कोमा परेको बतायो । बूढाले छोरालाई सम्झाउँदै भने - "बाबु ! नजाने गाउँको बाटै नसोध्नू !" बूढाले पर फालिएको मुङ्ग्रो ल्याएर ठेडीहरू फुकालेर छोरालाई बाहिर निकाले । बूढाले नैतिक उपदेश दिदैँ छोरालाई गोरु धपाउन लगाए । छोरो सुलुक्क परेर गोरु धपाउन थाल्यो । त्यस दिनदेखि छोराले आफ्नो लय समाउन थाल्यो । बूढाबूढी आमाबाबुलाई आफ्नो ज्यानले सकेको काम गरेर सहयोग गर्न थाल्यो रे, यसरी दोबाटाको ठेड्काले गर्दा आफ्नो छोरो सुधिएकोमा बूढाबूढी निकै खुसी भए रे ! छोरो पनि बाबुआमाको बचन नकाट्ने हुनसम्म ज्ञानी भयो रे !

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा वैकुण्ठ जाला
भन्ने वेला मुखमा आइजाला

लोकथावाचक
तेजनाथ सापकोटा
वर्ष ४०
हर्मी ३, सापकोटा गाउँ
गोरखा

**कथा नं. ६**

## जो पायो उहीलाई विश्वास नगर्नु

एकादेशमा वरिपरि वनैवनले घेरिएको पराजुली गाउँ थियो । त्यस गाउँमा एक जोडी लोग्ने-स्वास्नी बस्थे रे ! खेतीपाती गर्दथे रे ! स्वास्नीचाहिँ घर गृहस्थीको काम गर्दथी रे ! खेतीपातीबाट पनि उनीहरूले थुप्रै धन, गरगहना आदि जोडेका थिए रे ! आङभरि खानलाउन पाएर स्वास्नी भर्खरकी जस्ती थिई । लोग्ने काम काम काम भन्दा कमजोर बन्दै गएको थियो रे !

गाउँभन्दा तल चेपेनदी, त्यसभन्दा पर सम्म फाँट अनि टारका घरले स्वास्नीको मन सधैँ पारी पुग्दो रहेछ । एक दिन त्यो गाउँको बाटो सुन्दर युवक हिँड्दै रहेछ । युवकले त्यस घरमा पसेर पानी पिउने विचार गऱ्यो । ती दुबै बीच वार्तालाप भयो । स्वास्नी युवकप्रति आकर्षित भई । समयसमयमा यसो हाम्रोतिर आउनु न है भनी । युवकले टाउको हल्लायो । युवक चोट्टा थियो । मनमनै विचार गऱ्यो, "मान्छे धनी नै रहिछ । गरगहना पनि थुप्रै

लगाएकी रहिछ ।" यसलाई जिप्ट्याएर धन हात पार्ने विचार युवकले गऱ्यो । बिदा मागेर हिँड्यो ।

बेलुका लोग्ने घरमा आयो । स्वास्नीले युवकसँग तुलना गरी । त्यो युवक समय समयमा मध्य दिनतिर आउँथ्यो । सोझा गाउँलेलाई केही थाहा भएन । युवक र त्यो स्वास्नीबीच एकपक्षीय प्रेम भयो । युवकले धन फुत्काउने दाउ गरेको थियो तर त्यो स्वास्नी (गोरी) भने युवकसँग विवाह गर्ने विचार गरेकी थिई । ३५/३६ बर्षे स्वास्नी (गोरी) र २०/२२ बर्षे ठिटोको भावना विल्कुलै फरक थियो । एक दिन ठिटोले स्वास्नी (गोरी) लाई भगायो । कसैले थाहा पाएनन् । उसले घरका सबै धनसम्पत्ति पोको पारेर भागेकी थिई । दुबै चेपेनदीको किनारमा पुगे । भदौ महिनाको चेपेनदी तर्न सक्ने कुरै थिएन । केटोलाई फसाद पऱ्यो । न त अधबैँसेले स्वास्नी लिएर घर जानु न धन हात पर्नु । नदीको किनारमा बसी केटाले सोच्न थाल्यो, "अब के जुक्ति लगाउने ?" केटाले भन्यो, "म यो तल कतै पुल छ कि हेरेर आउँछु । तिमी त्यहीँ बस तर तिमीसँग धेरै धन छ । म पुल खोज्न जाँदा कसैले आएर लुट्न सक्छ । बरु त्यो धनको पोको म लिएर जान्छु । अनि पुल फेला परेपछि तिमीलाई लिन आँउला ।" तन्नेरी केटामा हुरुक्क भएकी अधबैँसे स्वास्नी (गोरी) ले विश्वास मानेर धनको पोको दिई । केटो धनको पोको लिएर गएको गयै भयो । करिब दुई-तीन घण्टापछि भेष बदलेर केटो साधुबाबा बनेर त्यही बाटो आयो । उसले केटीलाई हेरेर भन्यो - "ए नानी ! तिमी जसलाई कुरिरहेकी छौ, त्यो केटो कहिल्यै आउँदैन ! तिमी अब आफ्नै घर फर्क ।" अधबैँसे स्वास्नी मान्छे पश्चात्ताप मान्दै साँझमा घर फर्किएर बसी । त्यस दिनदेखि त्यस्तो नराम्रो भावना उसको मनमा कहिल्यै आएन रे ! आफ्नै लोग्नेलाई माया गरेर बसी रे !

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा वैकुण्ठ जाला
भन्ने वेला मुखमा आइजाला

लोककथा वाचक
विनोद पराजुली
बर्ष २२
हर्मी ७, पराजुली गाउँ
गोरखा

## कथा नं. ७

## टालेको रोटी

धेरै बर्ष पहिलेको कथा हो । त्यस समयमा बयापानी भन्ने ठाउँमा एकजना छट्टु सार्की बस्थ्यो रे ! उसको काम विष्ट बराजुका लागि काँचो छालाको जुत्ता बनाउने थियो । सधैँ काँचो छालाको काम गर्दा गर्दा हैरान भएको सार्की काम खोज्न घर छाडेर हिँडेछ । हिँड्दै जाँदा ऊ काशी पुगेछ । काम खोज्ने क्रममा संस्कृत पाठशालामा पुगेछ । छट्टु सार्कीले आफ्नो नाम ढाँटेछ । पाठशालामा उसले पढ्न पढाउन बसेका गुरु शिष्यलाई खाना बनाउने काम पाएछ ।

गरिब सार्की जागिर पाएकोमा इमान्दारी साथ आफ्नो काम गर्दो रहेछ । पाठशालामा बेलुकाको खाना रोटी खाने चलन रहेछ । धेरै समय काम गरेर पैसा पनि कमाएछ । गाउँकै अर्को साथीसँग पैसा घर पनि पठाएछ । एक दिन रोटी बेल्दै जाँदा बीचमा प्वाल परेछ । गाउँमा छालाको काम गरेको सार्की टाल्न जान्ने पनि रहेछ । यसो विचार गरी रोटी टाल्दा कस्तो हुन्छ भनी टालेछ । टालेको रोटी संयोगले प्राचार्यको भागमा परेछ । प्राचार्यले रोटीलाई ओल्टाई पल्टाई हेरेछ र पक्कै पनि यो रोटी पकाउने दमै वा सार्की हुनुपर्छ भनी शङ्का गरेछ । सबै भान्छाको मान्छेलाई बोलाई आज रोटी कसले पकाएको हो भनी सोधेछ । डरले कोही पनि बोलेनछन् ।

बाठो प्राचार्यले भनेछ -"आजको रोटी मिठो पनि छ पाकेको पनि छ र कलात्मक पनि छ ।" प्राचार्यको त्यस्तो कुरा सुनेपछि बक्सिस पाउने आशाले सार्कीले 'हजुर ! मैले पकाएको हुँ' भनेछ । अरूलाई त्यस ठाउँबाट पठाएर प्राचार्यले टालेको रोटी देखाउँदै भनेछन् - "तँ सार्की होस् कि दमाई ? साँचो भन्, होइन भने तँलाई सजाय दिन्छु ।" सार्की डरले "हजुर ! म त सार्की हुँ । गाउँमा काँचो छालाको जुत्ता बनाउने काम गर्दथैं । जुत्ता टाल्ने काम पनि गर्दथे । रोटी बेल्दा प्वाल पर्‍यो हजुर ! अनि रोटी पनि टालौं न त भनी टालेको हुँ हजुर !" भनी उत्तर दिएछ ।

तुरुन्तै प्राचार्यले छट्टु सार्कीलाई आश्रमबाट निकालेछन् । त्यस कारण आफ्नो जात, आफ्नो घर, आफ्नो धर्म संस्कारलाई ढाँटछल गर्नुहुँदैन भन्ने चलन चलेको हो ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा वैकुण्ठ जाला
भन्ने वेला मुखमा आइजाला

गंगे कामी
बर्ष ४५
हर्मी १, गोरखा

## कथा नं. ८

## दोत् (साथी)

पहिलाको जमानामा हर्मी गा.वि.स. को कालढुङ्गे भन्ने ठाउँमा चन्द्रकान्त भन्ने धनी हिन्दूब्राह्मण बस्थे रे । उनको घरमा बयापानीको सेख मियाँ भन्ने मुस्लिम सेवक रहेछ । मियाँ सधैं हिन्दू चन्द्रकान्तको घरमा सेवा गर्न जाँदो रहेछ । मालिक सेवक भए पनि उनीहरूमा ज्यादै मिल्ती रहेछ ।

एक दिन मियाँ हिन्दूको घरमा सेवा गर्न जाँदा एक ठाउँमा मिलाद (मुस्लिम धर्म प्रवचन ) भइरहेको रहेछ । सेवकले केही क्षण उभिएर धर्म प्रवचन सुने अरे । त्यस बख्त ( समयमा) मौलाना (पण्डित) ले भनेरे "एक रूपैयाँको एउटा मुराद (इच्छा) पूरा हुन्छ ।" त्यो नोकरसँग तीन रूपैयाँ रहेछ । नोकरले, "मसँग तीन रूपैया पैसा छ । मेरो तीन इच्छा पूरा होस् ।" भनी तीन रूपैयाँ दिएछ ।

तेरो स्वच्छ मनले दिएको तीन रूपैयाँले तीन इच्छा पूरा हुन्छ भनी मौलानाले भनेछ रे ! मिलाद (धर्म प्रवचन) सुनेकोले मियाँलाई मालिकको घरमा पुग्न ढिलो भएछ रे ! हिन्दु मालिक ले 'ए' तँ किन ढिलो आइस् ? भनी सोधेछन् रे । मुस्लिम सेवकले भनेछ रे-"मसँग तीन रूपैया थियो । त्यसको तीन इच्छा पूरा गरेर आउँदा ढिलो भयो ।"

हिन्दूमालिकले सोधेछ रे, "तैले के के इच्छा पूरा गरेर आइस् त ?"

सेवकले भनेछ रे - "पहिलो इच्छा तपाई हिन्दू म मुस्लिम, तपाईको सेवा चाकरी गर्नबाट मुक्त हुन पाऊँ ।", दोस्रो इच्छा, "तपाई पनि मुस्लिम हुनुभए हुन्थ्यो ।" र तेस्रो इच्छा "हामी दुबै मरेपछि पनि एकै ठाउँ जन्नत (स्वर्ग) मा रहन पाम् भनी तीन इच्छा राखें र पूरा गरी आएँ ।" यस्तो उत्तर दिएछ रे ।

हिन्दूमालिक मुस्लिम सेवक भए पनि बहुत्सा (असाध्यै) मिल्थे रे ! हिन्दूमालिकले आफ्नो मन मिल्ने सेवकलाई ल तँ आजदेखि मेरो नोक्कर हुनु पर्दैन भनी मुक्त गरिदिएछन् रे । मउत् (मृत्यु) पछि पनि दुबै एकै ठाउँ जन्नत् (स्वर्ग) मा गएछन् रे ! अत्यन्त मिल्ने हिन्दू र मुस्लिमबीच जातिसम्बन्धी कुनै विवाद रहेनछ रे !

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा वैकुण्ठ जाला
भन्ने वेला मुखमा आइजाला

इजाजु मियाँ
बर्ष ६२
हर्मी ६, नवलपुर
गोरखा

## कथा नं. ९

## बाठो अन्धो

एकादेशमा एउटा गाउँमा अति नै दुःख पाएको आफ्ना नाता-गोता कोही पनि नभएको एक्लो अन्धो रहेछ ।

आफन्तका साथै स्वास्नी छोराछोरी, दाजुभाइ नभएकाले ज्यादै दुःख लागेछ । उसले विचार गरेछ, 'एकै साथ धनसम्पत्ति स्वास्नी, छोरा-छोरी, गरगहना कसरी प्राप्त गर्न सकिएला ?' यस्तो उपाय सोच्न थालेछ ।

एकै चोटि यो सबै प्राप्त गर्न सजिलो थिएन । त्यसकारण उसले कठोर तपस्या गर्ने विचार गऱ्यो । ऊ निर्जन एकलास ठाउँमा तपस्या गर्न गएछ । उसले चेपे नदीको उद्‌गम स्थल दूधकुण्डको छेउमा गएर शिवजीको घनघोर तपस्या गर्न थालेछ । अन्धोको कठोर तपस्याबाट महादेव खुसी भएर 'हे भक्त अन्धा ! तेरो तपस्याबाट म धेरै खुसी भएँ । तँलाई एउटा मात्र वरदान दिन्छु, धेरै वर नमाग ! भनेछन् । अन्धाले वर माग्दै, "घरमुनि बारी, बारीमुनि खेत, माहिलो छोराले सुनको थालमा भात खाएको तीन तलामाथि हाम्रा पतिपत्नीले बसी देख्न पाम्" भनी वर मागेछ ।

महादेवले तथास्तु भनी दिएछन् ।

अन्धालाई महादेवको वरदानको प्रभावले सबैभन्दा पहिले घर बनेछ । घरमुनि बारी बारीमुनि खेत मिलेछ । त्यसपछि उसको विवाह भएछ । उसका आँखा खुलेछन् । तीनभाइ छोरा पनि भएछन् । त्यस अन्धाले आफ्नो बुद्धिमत्तापूर्ण काम गरेकाले हामी पनि अन्धो जस्तै दूरदर्शी हुनुपर्दछ ।

लोककथा वाचक

बमबहादुर कटुवाल

बर्ष ४५

हर्मी २, गोरखा

# पारिशिष्ट ख

## प्रश्नावली

**तपाईंको परिचय :-**

| | |
|---|---|
| १. नाम : | २. लिङ्ग : |
| ३. उमेर : | ४. पेशा : |
| ५. शिक्षा : | ६. वडा नं. : |

७. टोल :

८. यो लोककथा कसबाट सुन्नुभएको हो ?

**<u>प्रश्नहरू :</u>**

क) तपाईले लोककथा भन्न सक्नुहुन्छ ? सक्छु /सक्दिनँ

ख) सक्नुहुन्छ भने भन्नुहोस् ।

ग) तपाईको आसपासमा लोककथा भन्न जान्ने अरू कोही हुनुहुन्छ ? हुनुहुन्छ / हुनुन्न ।

घ) छन् भने उहाँलाई कतिबेला भेट्न सकिन्छ ? बिहान/दिउँसो /बेलुका

ङ) यो गा.वि.स. मा सबैभन्दा बढी लोककथा भन्ने को हुनुहुन्छ ?

च) हुनुहुन्छ भने उहाँको नाम ठेगाना के होला ?

| | |
|---|---|
| १. नाम : | २. लिङ्ग : |
| ३. वडा : | ४. टोलको नाम : |